# संघीय संसद, प्रतिनिधि सभा, अर्थ समितिको आ.व. २०७७/७८ को पूर्व बजेट छलफल कार्यक्रम सम्बन्धि

# प्रतिवेदन, २०७७



अर्थ समिति
संघीय संसद (प्रतिनिधि सभा)
सिंहदरवार, काठमाण्डौ
जेष्ठ, २०७७

## विषय सूची


परिच्छेद १: परिचय ........ १

१. पृष्ठभूमीः- ........ १

२. उद्देश्यः ........ ३

३. औचित्यः ........ ३

परिच्छेद २ : सरोकारवाला पक्षहरुसँगको छलफलबाट प्राप्त सुझावहरु ........ ४

१. सरकारी क्षेत्र तथा निकाय- ........ ४

क. अर्थ मन्त्रालय- ........ ४

ख. नेपाल राष्ट्र बैंकः- ........ ४

ग. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग- ........ ४

घ. महालेखा नियन्त्रक कार्यालय- ........ ५

ङ. राष्ट्रिय योजना आयोग- ........ ५

२. निजी क्षेत्रः- ........ १०

क. नेपाल उद्योग वाणिज्य महासंघ,नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्स ........ 10

ख. नेपाल साना तथा घरेलु उद्योग महासंघका सुझावहरु ........ १२

ग. नेपाल निर्माण व्यवसयि महासंघको सुझावः ........ १४

३. सञ्चार क्षेत्रः- ........ १६

क. नेपाल आर्थिक पत्रकार संघः- ........ १७

ख. नेपाल आर्थिक पत्रकार समाजको सुझावः- ........ १९

ग. पत्रकारका अन्य सुझावहरुः ........ २१

४. सहकारी क्षेत्रः- ........ २२

५. बैंकिङ्ग क्षेत्रः- ........ २४

६. नेपाल चार्टर्ड एकाउण्टेण्ट्स (संस्था र संघ) :- ........ २५

७. अर्थ विज्ञः- ........ २९

परिच्छेद ३ : निष्कर्ष र सुझाव ........ ३३
१. आगामी बजेटले प्राथमिकता दिनु पर्ने क्षेत्र सम्बन्धमाः- ........ ३३
२. स्वास्थ्य क्षेत्र सम्बन्धमाः- ........ ३३
३. कृषि तथा वन पैदावार सम्बन्धमाः- ........ ३५
४. उद्योग, व्यापार वाणिज्य र आपूर्ती सम्बन्धमाः- ........ ३७
५. रोजगारी सिर्जना र श्रम व्यवस्थापन सम्बन्धमाः- ........ ३८
६. पूर्वाधार विकास तथा निर्माण सम्बन्धमाः- ........ ३९
७. सहकारी सम्बन्धमाः- ........ ४०
८. राहत तथा आर्थिक पुनरुत्थानका सम्बन्धमाः- ........ ४१
९. योजना, आयोजना र बजेट व्यवस्थापन सम्बन्धमाः- ........ ४२
१०. बजेटको स्वरुप र श्रोत व्यवस्थापन सम्बन्धमाः- ........ ४३
११. राजश्वध व्यवस्थापन सम्बन्धमाः ........ ४३
१२. राजश्वध बाँडफाँट र वित्त व्यवस्थापन सम्बन्धमाः ........ ४५
१३. अन्य सम्बन्धमाः- ........ ४५
➢ अनुसूची ........

# परिच्छेद १ः परिचय

## १. पृष्ठभूमीः-

नेपालको संविधानले राज्य शक्तिलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा बाँडी अनुसूची देखि ९ सम्म तीनै तहको एकल र साझा अधिकारका सूचीहरु प्रस्तुत गरेको छ । संविधानको भाग १० मासंघीय आर्थिक कार्यप्रणाली, भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणाली र भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था छ भने धारा ५९ को आर्थिक अधिकारको प्रयोग गरी संघ प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहि बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । संघ, प्रदेश र स्थानीय तहले आर्थिक स्थिरता ,क्षेत्रीय सन्तुलन ,गरिवी निवारण ,रोजगारी सृजना तथा आर्थिक वृद्धि गरी जनताको जीवनस्तर उकास्ने गरी सञ्चिलत कोषको सञ्चानलन र व्यवस्थापन साथै स्रोतको न्यायोचित बाँडफाँड गर्दछन् ।

नेपाल सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरि आवश्यक निर्देशन वा राय सल्लाह दिन संविधान र संसदका नियमावली बमोजिम संसदीय समितिहरु रहेका छन् । बजेट निर्माण, कार्यान्वयन र अनुगमन मूल्यांकनमा मूख्य भूमिका रहेका अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग जस्ता निकाय अर्थ समितिको कार्यक्षेत्र मा पर्दछन् ।

नेपालको संविधानको धारा ११९ अनुसार नेपाल सरकारको अर्थ मन्त्रीले प्रत्येक वर्षको जेठ १५ गते संघीय संसदको दुवै सदनको संयुक्त वैठकमा राजश्व र व्ययको अनुमान पेश गर्नुपर्दछ । प्रदेशको अर्थ मन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र प्रदेश सभामा र गाउ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गते भित्र सम्बन्धित गाउँ र नगर सभामा आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने कानुनी व्यवस्था छ । विनियोजन विधेयक प्रस्तुत गर्नुपूर्व बजेट

तयारीका लागी विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) संघीय संसदमा अर्थ मन्त्रीले छलफलको लागी प्रस्ताव पेश गर्नुपर्दछ र यस्तो छलफल बजेट प्रस्तुत हुनभन्दा कम्तिमा १५ दिन अगावै समाप्त भइसक्नु पर्दछ ।

जनतालाई अनुभूत हुने गरी विकासका लाभ वितरण गर्न जनताका आवश्यकता, माग, चाहना र समस्या के छ त्यो बुझ्नु आवश्यक छ र त्यसलाई सम्बोधन गर्ने गरी बजेट कार्यक्रम आउनुपर्दछ । त्यसै गरी engine of growth को रुपमा रहेका निजी क्षेत्रलाई facilitate र promote गर्न अवलम्बन गरीने नीति कार्यक्रम सम्बन्धमा बजेटमा उल्लेख भएको हुन्छ । त्यसकारण सरकारले नीति तथा कार्यक्रम पेश गर्नुपूर्व यसका सरोकार वर्ग, सार्वभौम जनता, नीजि क्षेत्र, प्रदेश सभा, स्थानीय निकायका जनप्रतिनिधि, विभिन्न राजनीतिक दल लगायत विज्ञहरुको राय सुझावहरु संकलन गरी जन चाहना अनुसारको बजेट प्रस्ताव गर्न सुझाव दिने काम, कर्तव्य तथा अधिकार संघीय संसद अर्थ समितिको रहेको हुन्छ । विगतमा समेत अर्थ समितिले विभिन्न क्षेत्रमा यस्ता कार्यक्रम संचालन गर्दै आइरहेकोमा गत वर्ष आ.व. २०७६/७७ को लागि सातै वटा प्रदेश सहित प्रमुख दश शहरहरुमा र संघमा पूर्व बजेट छलफल कार्यक्रम सम्पन्नो गरी प्राप्त सुझावलाई मनन गरी सरकारलाई आवश्यक नीति निर्देशन गरेको थियो ।

यसै सन्दर्भमा आगामी आ.व.को बजेटका लागि आवश्य क सुझाव साथै Covid 19 ले पारेको प्रभाव र उत्पन्न समस्याहरुको समाधान गर्न चाल्नुपर्ने कदमहरुलाई आगामी बजेटमा सम्बोधन गर्ने गरी आवश्यहक निर्देशन गर्न समितिलेसम्बन्धित मन्त्रालय, आयोग तथा अन्य सरकारी निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, बैंकिङ्ग क्षेत्र, सञ्चा र क्षेत्र, अर्थ विज्ञ र अन्य सम्बन्धित सरोकारवाला पक्षसँग छलफल गरेको थियो । छलफलबाट प्राप्त उपयुक्त सुझावहरुलाई समेटीनेपाल सरकारलाई आगामी बजेटमा नीतिगत सुधारमा योगदान हुने गरी निर्देशन तथा सुझावहरु दिनको लागि यो प्रतिवेदन तयार गरिएको छ ।

## २. उद्देश्यः

- आगामी आ.व. को बजेट तथा कार्यक्रमको लागि सम्बन्धित मन्त्रालय, आयोग तथा अन्य सरकारी निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, बैंकिङ्ग क्षेत्र, सञ्चार क्षेत्र, अर्थ विज्ञ र अन्य सम्बन्धित सरोकारवाला पक्षसँग समितिमा छलफल गरी नेपाल सरकारलाई उपयुक्त सुझाव तथा सिफारीस गर्नु ।

## ३. औचित्यः

- बजेटका सिद्धान्त र प्राथमिकता लगायतका समष्टिगत आर्थिक परिसूचकसँग सम्बन्धित विषयमा राय सुझाव दिन,
- तरलता, विदेशी विनिमय, निक्षेप, कर्जा र ब्याज व्यवस्थापन साथै प्रभावकारी मौद्रिक नीति निर्माणमा सहयोग पुर्यादउन,
- राजस्व बाँडफाँड र अन्तरसरकारी वित्त हस्तान्तरणलाई न्योचित तुल्याउन,
- संघ, प्रदेश र स्थानीय तहको आर्थिक कारोवारको लेखांकन र प्रतिवेदन प्रणालीलाई वैज्ञानिक र प्रभावकारी बनाउन,
- आर्थिक विकासमा निजी क्षेत्रको भूमिका, पुर्या उने सहयोग र उपयोगको विश्लेवषण गर्न,
- आयोजनाहरुको छनोट, स्वीकृती र प्राथमिकिकरणलाई वस्तुनिष्ठ बनाउन,
- कोभिड १९ को प्रभावलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशिल बनाउन ।

# परिच्छेद २ : सरोकारवाला पक्षहरुसँगको छलफलबाट प्राप्त सुझावहरु

चालु आ.व को बजेटका लक्ष्य र प्रगति, नोबल कोरोना भाइरस Covid 19 ले पारेको आर्थिक सामाजिक प्रभाव, श्रोत र खर्च व्यवस्थापन, प्रभावित क्षेत्रलाई राहात र पुनर्जिवनका लागि लिइएका र लिइने नीति, आगामी आ.व को बजेटका सिद्धान्त र प्राथमिकता लगायतका समष्टिगत आर्थिक परिसूचकसँग सम्बन्धित विषयमा समितिले सम्बन्धित मन्त्रालय, आयोग तथा अन्य सरकारी निकाय, निजी क्षेत्र, सहकारी र अन्य सम्बन्धित सरोकारवाला पक्षसँग छलफल गरी देहाय बमोजिमका राय सुझाव प्राप्त गरेको थियो ।

## १. सरकारी क्षेत्र तथा निकायः-

### क. अर्थ मन्त्रालयः-

मिति २०७७/१/२२ गतेको अर्थ समितिको बैठकमा Covid 19 ले समग्र अर्थतन्त्रमा पारेको प्रभाव र यसका नकारात्मक असर न्यूनिकरण गर्न अर्थ मन्त्रालयबाट भए गरिएका काम कारवाही साथै भावी कार्ययोजना सम्बन्धमा माननीय अर्थमन्त्रीज्यू, अर्थ मन्त्रालयका राजश्वस सचिव र सम्बद्ध अधिकारीहरुसँग छलफल भएको थियो ।

### ख. नेपाल राष्ट्र बैंकः-

मिति २०७७/१/२३ गतेको अर्थ समितिको बैठकमा बैंक तथा वित्तीय संस्थाको अवस्था, तरलता व्यवस्थापन, निक्षेप, कर्जा र ब्याज व्यवस्थापन, विदेशी विनिमय व्यवस्थापन, शोधानान्तर स्थिति, प्रभावित क्षेत्रलाई दिइएका राहात तथा पुनर्उत्थानका कदमहरु, मौद्रिक नीतिको कार्यान्वयन र आगामी सोँच लगायतका वित्तीय क्षेत्रका समग्र पक्षमा साथै आगामी आ.व को बजेटका सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर र सम्बद्ध अधिकारीहरुसँग छलफल भएको थियो ।

### ग. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगः-

मिति २०७७/१/२४ गतेको अर्थ समितिको बैठकमा वित्तीय व्यवस्थापनका विभिन्न आयामहरु जस्तै चालु आ.व. को राजस्व बाँडफाँड, अन्तरसरकारी वित्त हस्तान्तरण, बजेट कार्यान्वयन सञ्चि त कोष व्यवस्थापन साथै आगामी आ.व को बजेटका सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत

तथा वित्त आयोगका माननीय अध्यक्ष र आयोगका सचिवको उपस्थितिमा छलफल भएको थियो ।

## घ. महालेखा नियन्त्रक कार्यालयः-

मिति २०७७/१/२४ गतेको अर्थ समितिको बैठकमा सञ्चित कोष व्यवस्थापन, संघ, प्रदेश र स्थानीय तहको आर्थिक कारोवारको लेखांकन र प्रतिवेदन प्रणाली साथै आगामी आ.व को बजेटका सम्बन्धमा महालेखा नियन्त्रक र सम्बद्ध अधिकारीहरुसँग छलफल भएको थियो ।

## ङ. राष्ट्रिय योजना आयोगः-

मिति २०७७/१/२६ गतेको अर्थ समितिको बैठकमा आगामी आ.व.को बजेटका सम्बन्धमा राष्ट्रिय योजना आयोगका कामकारवाही, आयोजना बैंक, पन्ध्रौं योजना लगायतका विषयमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, आयोगका माननीय सदस्यहरु र सचिवसँग छलफल भएको थियो ।

उल्लेखित मन्त्रालय, आयोग र निकायसँगको छलफलमा उठेका विषय, प्राप्त् जानकारी तथा सुझावहरु देहायबमोजिम रहेका छन् ।

- स्वास्थ्य पूर्वाधार, सामाग्री तथा जाँच प्रयाप्त नभएको , स्थानीय तहमा राहत वितरणको रेकर्ड राम्रो नभएकोले यसको उचित व्यवस्थापन गर्नुपर्ने ।
- Covid 19- कोरोना भाइरसले गर्ने क्षति कति हुन्छ भन्ने अनुमान गैर सरकारी सस्थाको समेत सहयोगमा वस्तुगत ढंगले गर्नुपर्ने ।
- अर्थतन्त्रको आकारको मूल्याङ्कन,तथ्याङ्क संकलनको विधि भरपर्दो र विश्वसनीय वनाउने , प्राविधिक सहयोग दिई स्थानीय तहलाई परिचालन गर्नुपर्ने ।
- व्यक्ति र प्रतिष्ठानको थप सहयोगको व्यवस्था गरी तत्काल राहतलाइ व्यवस्थित गर्नुपर्ने ।
- दीर्घकालिन रुपमा कोरोना प्रभावबाट तंग्रीएर यथास्थानमा आउनुपर्ने र त्यसपछि कृषिमा आधारीत अर्थतन्त्रलाइ औद्योगिक अर्थतन्त्रमा रुपान्तरण गरी अगाडि बढ्नु पर्ने ।
- २०-२५ लाख रोजगारी सृजना गर्नुपर्ने ।
- ठुला आयोजनालाई तिब्र गतिमा अगाडि वढाउने ।
- आंशिक तलव दिएर स्वयंसेवक परिचालन गर्ने ।

- खाद्य सुरक्षा र वैदेशिक रोजगारीवाट आएकाको सीपको सदुपयोग गर्न कृषि कार्यमा जोड दिने ।
- शिक्षा र स्वास्थ्य क्षेत्रको राज्यले दायित्व लिनुपर्ने ।
- नीजि क्षेत्रको भूमिका वढाउदै भारत र चीनको लगानी आकर्षित गर्ने ।
- गरिवीको रेखामुनी रहेका जनताको अभिलेखिकरण गर्ने ।
- कर्मचारीतन्त्र र सुरक्षा अंगको पूनर्संरचना गरी साइजमा ल्याउने ।
- सार्वजनिक खर्च पूनरावलोकन आयोगको प्रतिवेदन सार्वजनिक गरी अनुत्पादक खर्च घटाउने ।
- प्रत्यक्ष निर्वाचित सांसदको नेतृत्वमा समानुपातिक सांसद सहितको समितिले वजेट खर्च गर्ने गरी सांसदहरुलाइ वजेट छुट्टाउनु पर्ने ।
- कोरोना महामारीले कुन कुन क्षेत्रमा र समग्रमा कति क्षति हुन्छ र यसको प्रभाव के कति पर्दछ अध्ययन गर्नुपर्ने।
- बैदेशिक रोजगारीमा गएका कति मानिस फर्केर आउन सक्छन राजदुतहरुसंग समेत वसेर छलफल गर्नुपर्ने र फर्केर आएका श्रम शक्तिलाइ सम्वोधन गर्नुपर्दा कसरी काममा लगाउने, स्थानीय तहले घरबाट बाहिर गएर आएकाको रेकर्ड राखेर बैदेशिक रोजगारबाट फर्किएकालाई उनीहरुको सीप क्षमता अनुसार पूँजी दिएर काममा लगाउने साथै रु ५० अरवको रोजगार कोष वनाएर सीप उपयोग गर्ने योजना बनाउने।
- बन्द भएका होटल रिसोर्टहरु कति समयसम्म वन्द हुन सक्छन , कति समयसम्म थेगन सकिन्छ अध्ययन हुनुपर्ने ।
- कोरोनाले गर्दा द्धिपक्षीय support घट्न सक्छ बहुपक्षीय समेत कमी हुन सक्छ commitment कति भरपर्दो छ कति आउन सक्छ एकिन गरिनु पर्दछ।
- FDI धेरै आउदैन साथै Remittance मा कमी हुने हुदाँ वैदेशिक मुद्रामा कमी हुन्छ यसको असर प्रभाव विकासमा कस्तो पर्दछ अध्ययन गरी कस्तो लगानी रोक्ने हो (सुन ¸गाडी त रोकेको छ ) थप अरु कुन कुन क्षेत्र रोक्न पर्ने हो अध्ययन गरिनु पर्ने ।
- पर्यटन क्षेत्रलाई कम्तिमा पनि वाँच्न सक्ने गरी कार्यक्रमहरु ल्याउनु पर्ने :- public/ private Sector ले कर्मचारी घुम्न पठाउदा कर छुट गर्ने ।

- चालु खर्च कटौती गर्ने : यो वर्ष कर्मचारी भर्ना नगर्ने, साधरण तर्फको कति आवश्यक हो, प्राविधीक कर्मचारी बढाउने, प्रविधीको प्रयोग गरी जनशक्ति घटाउने , office building घटाउने आदिबाट ३० प्रतिशत चालु खर्चमा कटौति गर्ने।
- थोरै पूँजीगत खर्चबाट पनि सम्पन्न हुन सक्ने आयोजनामा पूजीगत खर्च बढाउने र सम्पन्न हुन समय लाग्ने आयोजनामा थोरै मात्र लगानी गर्ने ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना , प्रधानमन्त्री स्वरोजगार कायर्क्रम र युवा स्वरोजगार कार्यक्रमहरुलाई एउटै कोष बनाई वैदेशिक रोजगारबाट फर्केकालाई समेत लगाउने गरी उनीहरुको सीप उपयोग गर्ने गरी योजना वनाउने।
- वैदेशिक रोजगारमा गएका तर फर्केर आउने परिस्थिति हुँदा ठुलो वेरोजगारी र खाद्यान्न अभाव हुन सक्ने हुँदा उचित व्यवस्थापन गर्न वाझीएका खेतवारी तथा पाखो हरीयाली वनाउने, जिवन धान्न सक्ने खालको राहात प्याकेज ल्याउने।
- ठुला आयोजनाको अवस्था कस्तो छ त्यसवारे जानकारी दिनका लागि स्वेतपत्र जारी गर्नुपर्ने ।
- रोजगारी सृजना गर्न राज्यको लगानी भएका उद्योगहरुको क्षमता अभिवृद्धि गर्ने ।
- लगानीवोर्डको भूमिकामा प्रश्न उठेकोले लगानी भित्र्याउने वातावरण तयार गर्ने गरि यसको भूमिका स्पष्ट गर्ने ।
- जलविद्युत आयोजना छिटो सम्पन्न गर्ने गरि कार्य अगाडि बढाउनु पर्ने ।
- उत्पादन र निर्यातलाई जोड दिनु पर्ने ।
- आर्थिक पारदर्शिता कायम गरि विचौलियाको अन्त्य गर्नुपर्ने ।
- राष्ट्रपति तथा प्रधानमन्त्रीसंग जोडेर आएका कार्यक्रम प्रभावकारी नभएकोले वैदेशिक रोजगारीबाट फर्केर आउने र अव जान नपाउने जनशक्तिलाई मध्यनजर गरी अव कार्यक्रम वनाउने ।
- सामूहिक खेती व्यवसायलाई विकास गर्दै सहज ऋण सुविधा उपलव्ध गराउनु पर्ने।
- सातवटै प्रदेशमा विशेषता अनुसारको औद्योगिक क्षेत्रको स्थापना गर्नुपर्ने ।
- पर्यटन पूर्वाधारको विकास र प्रबर्द्धन गर्ने ।
- पूँजीगत खर्च गर्न नसकिएकोले खर्च गर्ने policy परिवर्तन गर्नु पर्ने ।

- कोरोनाको प्रभावले गैर कृषि क्षेत्रको भाउ घट्ने , कृषि क्षेत्रको भाउ वढ्ने , औद्योगिक क्षेत्र टाट पल्टन सक्ने तथा मुद्रा स्फीति वढ्ने हुदाँ कृषिमा रुपान्तरण गरी Seed money दिएर लगानी गर्न प्रोत्साहन गर्ने, राम्रो काम गरे साँवालाई अनुदान कोष बनाउने
- डलरको भाउ वढ्ने संभावना हुँदा हामीसंग भएका बोण्ड बेचेर डलर किन्नु पर्दा हाम्रो मुद्रामा के असर पर्दछ अध्ययन गरिनु पर्ने।
- Strategic depositor Large रुपमा सरकारी क्षेत्र भएको हूँदा loanable fund create गर्ने ।
- स्वरोजगार funding interest rate subsidy र नयाँ उद्यम व्यवसाय शुरु गर्नेलाई business house हरुसँग प्रतिस्पर्धा गर्न सक्ने गरी ऋण उपलव्ध गराउने तर्फ नेपाल राष्ट्र बैङ्कको ध्यानाकर्षण गर्नुपर्ने ।
- Remittance कमिबाट उत्पन्न हुने समस्या र अवसरको योजना वनाउने ।
- Force interest rate अपनाउँदा यसले के असर गर्दछ ?
- डलरको माग बढ्दा यसलाई कसरी व्यवस्थापन गर्ने योजना बनाउनुपर्ने ।
- बैङ्कलाई २% व्याज घटाएर ऋण दिन र लघु वित्तलाई ३% घटाएर ऋण दिन भनिएकोमा लघु वित्तले३% व्याज घटाएर ऋण दिन नसक्ने हुनाले समानुपातिक हुनुपर्ने ।
- कृषकहरुले सस्तो व्याजमा ऋण पाउन नसकेको हुदा ध्यान दिनु पर्ने ।
- बैङ्कको स्प्रेड दर वढी भएको छ।
- बैङ्क वित्तीय सस्थाको संख्या घटाउदै जाने होकी ।
- Habit परिवर्तन गरी नया उद्यमशिलतामा कसरी जाने ,एउटा क्षेत्रमा क्षति भए अर्को क्षेत्रमा divert हुने तर्फ पनि सोच्नु पर्ने ।
- Research र innovation मा ध्यानै गएन यस्तोमा Financing गर्न ऋण प्रवाह गरी प्रोत्साहित गर्ने ।
- विदेश पैसा लैजाने सम्वन्धमा कति किन दिने कुन quality को जनशक्ति वाहिर गएको छ उनीहरु फर्केर आउछनकी आउदैनन् अध्ययन गरेर मात्र पैसा लैजान दिनुपर्ने।
- पानी र अन्य स्रोतको रोयल्टी कानुनको अभावमा उठाउन नसकेकोले आवश्यक कानूनको मस्यौदा पेश गर्ने ।
- स्थानीय तहलाई वित्तिय हस्तान्तरण गर्ने ढोका बढी भए ।

- स्थानिय तहसंग वजेट प्राथामिकरणमा अन्योल छ केन्द्रले सहयोग गरिदिनु पर्ने ,वजेट निर्माणमा सहकार्य गर्नु पर्ने, planning process मा प्रदेश र स्थानीयलाई सघाउने ।
- संघ,प्रदेश र स्थानीयको सहभागितामा मापदण्ड बनाउने ।
- खर्चको प्राथामिकरण गर्ने साथै कोरोनाको कारण MTEF review गर्ने
- नेपाल सरकारको लगानीबाट कति assets सृजना भयो यकिन गर्न नसकिएको।
- पर्वतारोहण संघले उठाउको ६५ हजार भन्दा मुनीको पर्वतारोहणको रोयल्टी उसैले खर्च गर्ने यो राष्ट्रिय संचित कोषमा ल्याउनु पर्ने ।
- स्थानीय तहको राजस्वको स्रोत कमी भएको छ ।
- स्थानीय तहबाट राजस्व खर्च सम्वन्धमा वास्तविक तथ्याङ्क नआउने ।
- कतिपय स्थानीय तहले वजेट पास नगरी खर्च गर्ने गरेको ।
- स्थानीय तहमा प्रशासकीय प्रमुख केन्द्रको भए पछि लेखाको प्रमुख पनि संघको कर्मचारी हुनुपर्दछ नत्र स्थानीय तहमा प्रणाली स्थापना हुन सक्दैन।
- स्थानीयतहलाई जाने रकममा सामर्थ्यको आधारहरु वस्तुगत हुनुपर्दछ।
- Service delivery cost कम हुने गरी गर्नुपर्दछ।
- विपत व्यवस्थापन सम्वन्धी रकम एउटै खातामा राखेर खर्च गर्नु पर्दछ ।
- सरकारको treasury मा सबै खर्च आउनु पर्ने कानुन ,निर्देशिका वा निर्णय गरेर दिएको राजस्व उठाउने अधिकार कुन कुन क्षेत्रमा दिइएको छ अध्ययन गरेर संचित कोषमा ल्याउनु पर्ने ।
- प्रदेश सरकार र स्थानीय सरकारले कती राजस्व के के बाट उठाए अध्ययन विश्लेषण गर्नु पर्ने ।
- जनतालाई वाँच्नको लागि जग्गा होइन आवास दिनु पर्दछ।
- शिक्षा राजनैतिक अधिकारी भएकोले सवैलाई दिन सकियो भने आरक्षण नचाहिने हुन्छ, नीजि विद्यालयलाई सरकारी विद्यालयमा convert गर्ने नयाँ वहस हुनु पर्दछ ।
- स्थानीय तहमा जाने खर्च रकम हटाउने ।
- Service delivery cost सामाजिक न्यायको हिसावले हेर्नुपर्ने पूर्वाधार विकास र HDI मा वढी भार प्रदान गरी सामाजिक न्याय पुर्याउने
- देशको सिमामा रहेका जनसख्या जो सीमा सुरक्षा गरेका छन् तिनीहरु को सख्या कम भए पनि विशेष क्षेत्र मानी बजेट छुट्टाउनु पर्ने ।

- ठुलो भूगोल, राजस्व कमी र विकासको लागत वढी हुने हुँदा दुर्गम क्षेत्रलाई जाने अनुदानका आधार र सुचकांकमा पूर्नविचार गरिनु पर्ने ।
- पर्वतारोहण सम्वन्धी प्रोमोसन गर्ने कुरा संस्थालाई दिने होईन सरकारले गर्नुपर्ने रोयल्टी कतै स्थानीय त कतै संघ संस्थाले उठाएकोमा एकरुपता नभएको, NGO र स्थानीय निकायको झगडाको विषय भएको ।
- वित्तिय हस्तान्तरण गर्दै गर्दा केन्द्रमा यति ठुलो कार्यालयमा धेरै कर्मचारी आवश्यक छ की छैन जिम्मेवारी तल दिई संघको कर्मचारी र कार्यालय घटाउने ।
- खर्च घटाउन नियुक्ति नगर्ने र संरचना घटाउने ।
- स्थानीय तहको Master plan हुनुपर्ने ।
- वजेट रकम समयमा सहि ठाउमा पूगे नपुगेको अनुगमन गर्ने र गल्ति गर्नेलाई कारवाही हुन्छ भन्ने डर हुनु पर्दछ ।
- कृषिमा अनुदान दिदा राम्रो project लेख्नेलाई होईन की साच्चीकै काम गर्ने मानिसलाई दिनु पर्दछ ।
- स्थानीय तहले वजेट पास नगरी खर्च गरेको सन्दर्भमा विनियोजन विधेयक पास गरेपछि ऐन वनेर खर्च गर्नु पर्नेमा के आधारमा निकासा दिएको,के आधारमा खर्च भएको हो,वजेट पास नगरी कसरी खर्च गर्न सक्छ सम्वन्धीत निकायलाई स्पष्टीकरण सोध्नु पर्ने ।

## २. निजी क्षेत्रः-

मिति २०७७/१/२५ गतेको अर्थ समितिको बैठकमा Covid 19 ले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव, निजी क्षेत्रको भूमिका र आगामी बजेटमा सम्बोधन हुनुपर्ने विषयमा निजी क्षेत्रका संघ संस्थाहरु नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल चेम्बर अफ कमर्शका पदाधिकारीहरुसँगको छलफलबाट देहायको सुझाव प्राप्‌ भएको थियो ।

### क. नेपाल उद्योग वाणिज्य महासंघ,नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्स

- मौद्रिक क्षेत्रमा सुझावः
    - कम्तिमा तीन वर्ष अवधिका लागि बैङ्कको कर्जाको व्याजदर ५ प्रतिशतले घटाउनु पर्ने ।

- एक खर्व रुपैयाँको पुनर्कर्जा **Refinance** कोष खडा गरि घाटामा जाने उद्योग, व्यापार तथा व्यवसायको लागि तीन अवधिका लागि ३ प्रतिशत पुनर्कर्जा कोषले व्यहोर्ने र २ प्रतिशत गराईनु पर्नेछ।
- **Debt Equity ratio** आगामी २ वर्षको लागि छुट दिने व्यवस्था मिलाउने र बैङ्कहरुलाई ऋणको पुनर्संरचनाको लागि स्वीकृत वा सिफारिस गर्ने तथा आगामी ५ वर्षका लागि ब्याजलाई पूँजिकरणको व्यवस्था गर्ने
- ऋणको साँवा,ब्याज भुक्तानीको सम्बन्धमा समय सिमा स्पष्ट गरी त्यसपछि एक हप्ताको समय प्रदान गरी १० प्रतिशत छुट पाउने व्यवस्था गर्ने ।

➢ श्रम तथा रोजगार क्षेत्रमा सुझावः

  - उद्योग, व्यापार तथा व्यवसायमा पर्न जाने संकटलाई समाधान गर्न श्रमिक व्यवस्थापनमा निम्न निर्णयहरु लिइनु पर्दछ ।
  - उद्योग,व्यापार तथा व्यवसायमा काम गर्ने श्रमिकलकई **Lockdown** अवधिको लागि अधिकतम ५० प्रतिशत सम्म पारिश्रमिक भुक्तानी गर्न पाउनु पर्ने ।
  - सामुहिक सौदावाजी सम्झौता **(CBA)** लाई एक वर्षको लागि स्थगित गरिनु पर्ने ।
  - श्रमिकलाई भुक्तानि गर्नुपर्ने पारश्रमिक,रोजगारदाता श्रमिक र सरकार तिनवटै पक्षको बराबर योगदान रहने गरी भुक्तानी गर्ने व्यवस्था गर्नु पर्ने ।लकडाउनको अवधि थप लम्बदै गएको अवस्थामा स्थितिको मूल्याङ्कन गरी पारश्रमिक भुक्तानी स्थगित गर्न उपयुक्त हुने ।
  - कुनै कम्पनी वा फर्म **(**प्रतिष्ठान**)** ले आफ्नो आकार वा क्षमता घटाउन **(Downs size )** चाहेमा र बन्द गर्न चाहेमा विशेष कानून बनाई कर्मचारी तथा कामदारलाई न्युनतम रकम दिई कम्पनी तथा फर्मले आफ्नो आकार वा क्षमता घटाउन सक्ने र बन्द गर्न सक्ने व्यवस्था गरिनु पर्ने ।

➢ विद्युत क्षेत्रमा सुझावः

- चार महिनाको लागि विद्युत डिमाण्ड चार्ज मिनाह हुने व्यवस्था गरिनु पर्ने
- बिजुलीको महशुल तिर्ने समय सीमा चार महिनाको लागि पछाडि सार्नु पर्ने ।
- बिजुलीको महशुलमा पन्ध्र महिनासम्म २० प्रतिशत छुटको व्यवस्था गरिनु पर्ने।

➢ नीतिगत सुधारः

- नीतिगत सुधारमा विस्तारकारी वित्तीय नीति ल्याई नगत प्रवाहको व्यवस्थापन गर्न निम्न निर्णय गरिनु पर्दछ ।
- यस विषम परिस्थतिलाई आँकलन गरी नेपालको कुल ग्राहस्थ उत्पादन **(GDP)** को कम्तिमा पाँच प्रतिशतले **Fiscal Stimulus** प्याकेज ल्याउनु पर्ने ।
- सरकारले नीजि क्षेत्रलाई तिर्नु वा मिलान गर्नु पर्ने रकमहरु **vat Credit,Duty Refund on Bond** ,ठेकेदारहरुलाई ठेक्का सम्झौता अनुसार तिर्नुपर्ने रकम,वस्तु तथा सामान सप्लाई गरेको रकम र अन्य केही भएमा सो समेत तुरुन्त भुक्तनी गर्ने व्यवस्था मिलाउने ।

➢ अन्य सुझावहरुः

- जडीबुटी उत्पादन र प्रशोधनमा जोड दिनुपर्ने ।
- कृषिको माटो परिक्षण गरी कुन ठाउमा के फल्छ गाँउ गाँउमा विउ विजन बाँड्ने,कृषिको वजारीकरण गर्ने बिकेन भने बाईव्याकको स्टल राख्ने, कृषिको अनुदान तल्लो स्तरले नपाएको ।
- कम्पनी उद्योगका **CEO** को पारिश्रमीक सुविधा उच्च भएकोले उत्पादन लागत बढेको **CEO** को पारिश्रमीक सिमा तोक्नु पर्ने ।
- नयाँ व्यवसायीलाई लाईसेन्स दिदा देशको उपभोग कति छ संभाव्यता अध्ययन गरेर लाईसेन्स दिनुपर्ने ।
- **Airlines sector** धारासाही भएको,पाइलट नपुगेकोले मर्जरमा जाने सुविधा दिएर **Activate** गर्ने
- **Airline** को अरवौ रकम पूर्न विमा गराउदा विदेश जान्छ,नेपालमानै भएको विमा पूर्न विमा कम्पनी मार्फत गरेमा राम्रो हुने ।
- विदेशबाट फर्केर आउनेले के पेशा सिकेको छ **Airport** मै रेकर्ड गरेर **/** राखेर सम्वन्धीत क्षेत्रमा रोजगारीमा लगाउनु पर्ने, सस्तो ब्याजमा समुहमा ऋण गरेर उद्यम व्यवसाय संचालन गर्न प्रोत्साहन गर्ने ।
- सामाजिक सुरक्षा कोषमा रहेको रकमलाई **refinancing** मा ल्याउनु पर्ने ।

## ख. नेपाल साना तथा घरेलु उद्योग महासंघका सुझावहरु

- सरकारी तथा सार्वजनिक सस्थाहरुमा स्वदेशी वस्तुको उपयोगलाई अनिवार्य गरिनु पर्दछ।
- लघु घरेलु तथा साना उद्योग विकास कोष र महिला उद्यमशिलता विकास कोषको सान्दर्भिकता र महत्व अहिलेको परिस्थितिमा अझ बढ्न गएको हुँदा यी कोषहरुमा कम्तिमा ५० -५० करोडको रकम विनियोजन गरिनु पर्दछ ।
- लघु, घरेलु तथा साना उद्योग संचालनमा प्रयोग गरिने नविनतम प्राविधिक मेशिनहरु आयात गर्दा लाग्ने १ प्रतिशत भन्सार कर वाहेक अन्य करहरु पूर्णरुपमा छुट दिनु पर्ने
- लघु घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले नीजि क्षेत्रको सक्रिय सहभागिता तथा व्यवस्थापनमा संचालन हुनेगरी निर्यात प्रवर्द्धन गृह निर्माण गर्न प्रादेशिक रुपमा प्रति प्रदेश रु ३ करोड र केन्द्रमा रु ५करोडको बजेट विनियोजन गर्नुपर्ने ।
- **Export Incentive** लाई बृद्धि गरि कम्तिमा १० प्रतिशत हुनुपर्ने ।
- गाँउ फर्केका युवा युवतीलाई नीजि क्षेत्रका छाता सस्था मार्फत आवश्यक सीप मुलक तालिम प्रदान गरी स्थानीय स्तरमा पाइने कच्चा पदार्थको उपयोग गरी गाउँमै लघु,घरेलु तथा साना उद्योग मार्फत स्वरोजगार बनाउन स्थानीय सरकार तथा प्रदेश सरकारले पहल गर्नु पर्ने र यसका लागि निम्न बमोजिम कार्यहरु गर्ने

  क औद्योगिक वस्तुहरुको प्रदेशस्तरीय प्रदर्शनीहरु

  ख केन्द्रीय स्तरको औद्योगिक प्रदर्शनी

  ग वेरोजगार युवा युवतीलाई उद्यमशिलता तथा सीपमुलमक तालिम

  घ कृषि उत्पादनलाई कृषि उद्यमसँग जोड्दै भण्डारण गर्ने प्रविधिको विकास गर्नुपर्ने ।

- बैदेशिक रोजगारबाट फर्केका युवाहरुसँग भएको सीपलाई प्रयोग गरी स्थानीय सीप स्रोतसाधनका साथै नविनतम प्रविधिको प्रयोग हुने उद्योगहरुको प्रवर्द्धन गर्नुपर्ने ।
- उद्योगमा नविनतम सोच ल्याउन नयाँ प्रविधिहरु भित्रायाउने र अनुसन्धान र विकासलाई विशेष रुपमा बजेटको व्यवस्था गर्नुपर्ने ।
- **Group Enterprising** उद्योगहरुलाई सहुलियतपूर्ण सामूहिक जमानीको कर्जा उपलव्ध गराउन पर्ने ।महिला उद्यमीहरुलाई ३ जनाको सामूहिक जमानीमा समुहका तीनै

जनालाई प्रतिव्याक्ति रु १५ लाख गरी जम्मा रु ४५ लाख महिला उद्यमशिल सहुलियत कर्जा दिइनु पर्ने ।

- कोरोन भाइरस महामारीको संक्रमणका कारण लघु, घरेलु तथा साना उद्यमीले लिएको कर्जाको ६ महिनाको व्याज र हर्जना मिनाह हुनुपर्ने ।
- लघु,घरेलु तथा साना उद्यमीहरुको मेशिनरी लगायत स्थीर पूँजीलाई पनि धितो मानी सहुलियतपुर्ण परियोजना कर्जा दिने व्यवस्था हुनुपर्ने ।
- सहुलित कर्जा प्राप्त गर्न झन्झटिलो भएकोले सरल र सहज बनाइ कार्यविधिमा सुधार गर्नु पर्ने ।
- लघु, घरेलु तथा साना उद्योगहरुको कारोवारमा थ्रेसहोल्डको सिमा वर्षिक १ करोडसम्मको व्यवस्था गर्नुपर्ने ।
- फर्म तथा उद्योग नविकरण गर्ने म्याद कम्तिमा १ वर्ष थप गरिनु पर्ने । **Group Enterprises** हरुलाई स्थानीय निकायमा दर्ता गर्ने व्यवस्था हुनुपर्ने ।
- ६ महिनासम्म आधा तलव सरकारले र ६ महिनाको रोजगारदाताले व्यहोर्ने गरी तालिम कार्यक्रम तय गर्ने ।
- प्रत्येक स्थानीय निकायमा औद्योगिक ग्राम स्थापना गर्नु पर्ने ।त्यहाँ स्थापना हुने उद्योगमा लाग्ने सम्पूर्ण व्यवसायिक शुल्क न्युनतम हुनुपर्ने
- उत्पादित वस्तुको लागि विक्रीकेन्द्र समेतको व्यवस्था गर्ने र स्थानीय निकाय तथा स्वदेश भित्र ती वस्तुको उपभोग गर्न अनिवार्य व्यवस्था गर्ने
- विक्री केन्द्र ,मूल्य निर्धारण,भण्डारण,प्रोसेसिङको उचित व्यवस्थाका लागि मध्यस्तकर्ता इमान्दार उद्यमीको विकासका लागि तालिम प्रदान गर्ने ।
- कृषि जन्य बस्तुको आयात रोक्नुपर्ने ।
- कुन क्षेत्रको कस्तो जनशक्ति विदेशबाट फर्कन्छ, **India** र अन्य देशबाट कति फर्कन्छन्, नेपालमा कतिले **Job loss** गर्दछन् क्षेत्रगत विश्लेषण गरी कुन व्यवसायमा वढी **Loss** छ,जोखिममा छ कुनमा कम **Loss** छ क्षेत्रतग कसलाइ वढी भार छ कस्लाइ कम छ सवै क्षेत्रको विश्लेषण गर्नुपर्ने /निर्देशन दिनुपर्ने ।

## ग. नेपाल निर्माण व्यवसयि महासंघको सुझावः

- नियमित कर्मचारी बाहेक आंशिक रुपमा **Seasonal** तथा विदेशी मजदुरहरुलाई प्यान अनिवार्य नहुने व्यवस्था गरिनुपर्ने ।
- करदाताले बुझाउन पर्ने वक्यौता कर, आयकर र विवरण यहि २०७८ आषाढ मसान्त भित्र बुझाएमा सोमा लाग्ने जरिवाना,थप दस्तुर र व्याज छुट गरी एक पटकको लागि साँवाकर मात्र चुक्ता गरे पुग्ने व्यवस्था गरिनु पर्ने ।
- रु ५०,०००। - भन्दा माथिको भुक्तानी चेकबाट गरिनु पर्ने प्रवाधान रहेकोमा त्यस सिमालाई बढाई रु ५ लाख सम्म पुर्याउनु पर्ने ।
- निर्माण व्यवसायीहरुको हकमा कारोबारमा घाटा भएमा टी . डी. एस. वापतको बढी भएको रकम सरलीकृत रुपमा सिधै फिर्ता पठाउनु पर्ने ।
- निर्माण व्यवसायीहरुले चैतको अग्रीम आयकरको किस्ता २०७७ आषाढसम्ममा र आषाढको किस्ता २०७७ साल कार्तिक मसान्तसम्म म्याद थप गरिनु पर्ने ।
- फलाम र स्टीलको भन्सार हाल कायम रहेको भन्सार दररेट ३० प्रतिशतबाट घटाई १५ प्रतिशत कायम गर्ने ।
- निर्माण कार्यमा प्रयोग हुने, ट्रिपर ट्याङ्कर पिकअप लगायत हलुका सवारी साधनमा समेत परियोजनाको सिफारिसमा भन्सार महशुल शतप्रतिशत छुट दिने।
- आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाहरुमा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयमा मूल्य अभिबृद्धि कर र आय विवरण दाखिल गर्न सकिने व्यवस्था सबै जिल्लाहरुमा गरिनु पर्ने वा सबै जिल्लाहरुमा राजस्व कार्यालय अनिवार्य थप गरिनु पर्ने ।
- स्थानीय निकायहरुले एक ठाउँबाट अर्को ठाउँमा निर्माण सामाग्रीहरु ढुवानी गर्दा एक स्थानीय निकायमा राजस्व तिरे पछि अन्य निकायमा थप राजस्व नतिर्ने गरी सामान ढुवानी गर्न सक्ने गरी कानूनको व्यवस्था गरिनु पर्ने ।
- लकडाउनका कारण विकास निर्माणका कार्यहरु हुन नसकेको र दशै तिहार छठ लगायतका चाँडपर्व पश्चात मात्र निर्माण कार्यको गणना हुने गरी सम्पूर्ण परियोजनाहरुको आवश्यक एकमुष्ट म्याद थप गरिनु पर्ने ।
- दशै तिहार पश्चात सम्मको लागि हुने थप ओभरहेड खर्च रकम लागत रकममा थप गरी व्यवसायीहरुले पाउने व्यवस्था हुनु पर्ने ।

- २०७६ चैत देखि २०७७ मंसीर सम्मको सावा र व्याज किस्ता रकम थप गरी पुनरकर्जा प्रदान गरी चौबीसै महिना किस्ता प्रदान गरिनु पर्ने ।
- **Low Bidding** लाई निरुत्साहित गर्न र सवै काम समय मै सम्पन्न गर्नको लागि हाल भएको बिड क्यपासिटीको प्रावधान टर्नओभरको ७ गुणाको सट्टा ४ वा ५ गुणा गर्ने वा बढिमा ५ वटा सम्म मात्र कामको प्याकेज गर्न पाउने व्यवस्था हुनुपर्ने ।
- निर्माण व्यवसायीहरुले लिएको ऋणको म्याद हरेक वर्ष नविकरण गर्दा सेवा शुल्क र अन्य नविकरण शुल्क गरी थप आर्थिक भार पर्न जाने हुदा सोको एकै पटक समयावधी तोकी सो समयससम्म नविकरण नगर्नु पर्ने व्यवस्था गरिनु पर्ने ।
- वढीमा २ प्रतिशत ब्याजमा पुनरकर्जा दिईनु पर्ने ।
- बैङ्क ब्याजको स्प्रेट दररेट अन्तराष्ट्रिय प्रचलन अनुसार ३ प्रतिशत भदा कम हुनु पर्ने ।
- क्रेडीट लाईनको व्यवस्था खारेज गरिनु पर्ने ।
- रु १ करोड सम्मको निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्न पाउने व्यवस्था पुर्ण रुपमा खारेज हुनुपर्ने ।
- ५ करोड सम्मको निर्माण कार्य स्थानीय तहबाट त्यहीकै मजदुरबाट र २५ करोड सम्मको प्रदेशबाट गराउन जोड दिने ।
- प्रधानमन्त्री स्वरोजगार कोषको रकम निर्माण व्यवसायमा लगाउने ।
- बिदेशीलाई दिने आयोजना नेपालीलाई दिई नेपालीले रोजगार पाउने अवस्था सृजना गर्ने ।
- नेपाली र विदेशी **Join venture** निर्माण कम्पनीको उपकरण आयातमा भन्सार छुट पाउनु पर्ने ।
- ८० प्रतिशत निर्माण सम्वन्धी काम १७ -१८ वटा निर्माण कम्पनीले पाएकोले सबैले पाउने वातावरण वनाउने
- २० प्रतिशत **loan** को **credit line** हुनुपर्ने ।

## ३. सञ्चार् क्षेत्रः-

मिति २०७७/१/२७ गतेको अर्थ समितिको बैठकमा संसद र संसदीय समितिका हरेक कामकारवाहीलाई जनता समक्ष सुसुचित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सञ्चादर क्षेत्रसँग Covid 19 ले अर्थतन्त्रमा पारेको प्रभाव, आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने

प्राथमिकताका क्षेत्रहरु लगायतका समसामयीक विषयमा नेपालको आर्थिक क्षेत्रसँग सरोकार राख्नेि नेपाल आर्थिक पत्रकार संघ र नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष लगायत अन्य सञ्चाेरकर्मीहरुसँगको छलफलबाट देहायको सुझाव प्राप्त भएको थियो ।

**क. नेपाल आर्थिक पत्रकार संघः-**

- कोरोनाको असर कतिसम्म हुने भन्ने आँकलन नै गर्न नसकिएको अवस्था रहेको छ ।अर्थतन्त्रका विश्वप्यापी मूल्य मान्यताहरु कोरोना महामारीका कारण फेरिएको अवस्थामा कतिपय मुलुकले खुल्ला बजार अर्थतन्त्रमा प्रत्यक्ष हस्तक्षेप गर्ने गरी काम नै सुरु गरेका छन्।
- आगामी आर्थिक बर्षका लागि १५औं आवधीक योजनाको प्राथामिकतालाई परिमार्जन गर्दै बजेटको आकार घटाउन आवश्यक देखिएको ।
- दायित्व सिर्जना नभएका १४ शिर्षकको बजेट कटौती गर्ने भएको छ ।ती कटौतीलाई आगामी आवमा पनि निरन्तरता दिने ।
- तलब सुबिधा बाहेक रक्षा र गृहको बजेटमा ठुलो कटौती गर्न सकिन्छ।
- गेम चेन्जर (रणनीतिक) बाहेकका ठुला आयोजनालाई धेरै रकम छुट्याउनु हुँदैन । शहरी विकास र भौतिक पूर्वाधार भन्दा रोजगार सिर्जना गर्ने क्षेत्रलाई बजेटमा प्राथमिकतामा राखिनु पर्छ।
- आन्तरिक स्रोत कम भएका कारण वैदेशिक ऋण थप्नुको विकल्प नै छैन । परम्परागत स्रोतहरु बाहेक अरु के कस्ता स्रोतहरु हुनसक्छन् त्यसको खोजी गर्नु पर्छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय विकास साझेदारी कार्यक्रम र अन्य अनुदानका (वित्तीय व्यवस्था अन्तर्गतका) कार्यक्रम खारेज गर्नुपर्छ
- विलासिताका वस्तु आयातमा भन्सार वृद्धि
- आयकर सीमा बढाउने
- पुँजीबजारमा देखिएको पुँजीगत लाभकरको अन्योल हटाउने व्यवस्था गर्नुपर्ने
- साना तथा मझौला उद्योग व्यवसायलाई कर सहुलियत दिने र ठूला तथा कर्पोट व्यवसायमा आयकरको दर वृद्धि गर्ने
- बजेटमा स्वास्थ्य पछिको दोस्रो प्राथमिकता कृषि तथा पशुपालनमा दिनु जरुरी पर्ने।
- मल बिउमा बजेट बृद्धि गरियोस् । मल बिउ खरिद प्रक्रियाका लागि छुट्टै द्रुतगतिको संयन्त्र बनाऔं।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रम बन्द गरौं।
- संघीयता पछि खारेज भएको जिल्ला कृषि विकास संयन्त्र बिउँताऔं।

- उपभोग्य वस्तुको बजार सुनिश्चित गर्न स्थानीय तह समेतको सहभागीतामा बजार इन्टेलिजेन्स संयन्त्र बिउँताउनुपर्छ ।
- कृषि जन्य उत्पादनको सर्मथन मूल्य सरकारले तोक्नुपर्छ । बिक्रेताले नकिने सरकारले आफ्नै संयन्त्र बनाएर किसानको उत्पादन किनेर बिक्रि गरोस् ।
- कृषि तथा पशुसम्बन्धि सबै खोज अध्ययनहरु नेपाली भाषामा प्रकाशित गरेर कृषकलाई वितरण गरौं ।
- साना किसानले वित्तीय क्षेत्रबाट कर्जा पाउने सुनिश्चितात गर्न जरुरी छ ।
- collateral base Finance is to be replaced by lease Finance..
- भड्किला, विलासीका उपभोग हुने, मनोरन्जनात्मक र महंगा वस्तुको आयातमा प्रतिबन्ध लगाउने वा भन्सार कर वृद्धि गर्ने
- बन्द भएका उद्योग पुनः सञ्चालनमा ल्याउने, निर्यातमुलकलाई प्राथमिकता दिने
- उद्यमशिलता सम्बन्धि कार्यक्रम विश्व विद्यालय तह सम्म पुऱ्याउने,
- स्थानीय कच्चा सामाग्रीबाट चल्ने उद्योगलाई मेसिनरी आयात गर्न भन्सार छुट दिनुपर्ने,
- नेपालीहरूले बाहिर सिकेको सिप तथा व्यवसायिक ज्ञान र बाहिर बचत गरेको पुँजी प्रयोग गरेर विदेशबाट फर्किने युवाहरूलाई स्वरोजगारी व्यवसायमा आवद्ध गर्नेगरी बजेटमा कार्यक्रम ल्याउनु पर्छ ।
- नेपालमा सिर्जना भएका रोजगारीमा यहाँ उपलब्ध हुन नसक्ने प्राविधिक बाहेक अन्य काममा नेपालीलाई नै रोजगारी दिनुपर्ने गरी बाध्यात्मक कानुन निर्माण गर्नु पर्छ । यसले नेपालबाट बाहिरिने ठुलो अंकको रेमिट्यान्स नेपाल मै रहन्छ भने धेरै नेपालीले रोजगारीको अवसर प्राप्त गर्छन् ।
- सीप नभएकालाई सीप र रोजगारीको ग्यारेन्टीसहित तालीम व्यवस्था गर्नुपछ । तालीम लिएर रोजगारी नपाएकालाई सरकारले भत्ताको व्यवस्था गर्नुपर्छ ।
- ग्रामिण पर्यटन प्रवर्द्धन गरौं । आन्तरिक पर्यटनलाई बढावा दिऔं ।
- स्थानीय तहलाई अनावश्यक अनुदान नदिनेः
- सांसद कोषका नाममा बजेट विनियोजन गर्नु हुँदैन ।
- सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदनले दिएको सुझाव अनुरुप अनावश्यक आर्थिक भार थपिरहेका तर खारेज गर्दा वा गाभ्दा हुने आयोग, समिति, परिषद, बोर्डहरुलाई खारेज गरेर वा गाभेर खर्च घटाउनु पर्छ ।
- पत्रकारलाई सहुलियतमा कर्जा उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।
- पत्रकारहरुलाई निश्चित रकमसम्मको बीमा राज्यले स्वतः गरिदिनुपर्छ ।
- आर्थिक पत्रकारहरुका लागि तालिम तथा खोजमुलक समाचारका लागि निश्चित रकम बजेटमा छुट्याईनुपर्छ ।

## ख. नेपाल आर्थिक पत्रकार समाजको सुझावः-

कोरोना महामारीपछि तत्काल ल्याउनुपर्ने आर्थिक राहत प्याकेजः-

- उद्योग, व्यवसाय, साना तथा मझौला उद्योग, ठूला उद्योग तथा व्यवसायका लागि दुई बर्षभित्र तिरिसक्नुपर्ने गरी ५ प्रतिशत ब्याजदरमा पुनर्कर्जाको व्यवस्था गर्नुपर्ने,
- नयाँ ठूला उद्योग तथा व्यवसाय सञ्चालन गर्न चाहनेका लागि रोजगारी सिर्जना गरेको आधारमा तीनदेखि पाँच बर्षसम्म आयकरमा पूर्ण छुट,
- साना तथा मझौला उद्योगहरुलाई २ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउने,
- साना तथा मझौला उद्योगलाई सरकारले ६ महिनासम्म भाडावापत तिर्नुपर्ने रकम सतप्रतिशत अनुदान उपलब्ध गराउने र हालको लगानीको विश्लेषण गरी कम्तीमा ३३ प्रतिशत अनुदानको व्यवस्था गर्ने,
- खानेपानी, टेलिफोनको महशुलमा २५ प्रतिशत घटाउने,
- एक बर्षका लागि सबै उद्योग/व्यवसायको नवीकरण शुल्कमा कम्तीमा ३३ प्रतिशत छुट दिने,
- सबै उद्योगलाई ब्याजमा लाग्ने जरीवाना ६ महिनासम्म नलाग्ने व्यवस्था गर्ने,

- संघ, प्रदेश र स्थानीय सरकारले कम्तीमा २० प्रतिशत बजेट छुट्याउने,
- कृषिका लागि आवश्यक मल, बीऊ, उपकरणहरुमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने,
- सबै किसिमका मल, बीउ तथा कृषिजन्य सामग्री कृषकले निजी-सहकारी-सरकारी संस्थाबाट खरिद गर्दा समान रुपले अनुदान र अनुदान सहायत प्राप्त गर्न सक्ने व्यवस्था गरिनुपर्छ ,
- खाद्य व्यापार तथा आपूर्ति कम्पनीलाई हरेक स्थानीय तहसम्म शाखा विस्तार गरेर किसानका उत्पादन किनिदिने र अत्यावश्यक वस्तुको आपूर्ति गराउने व्यवस्था गर्नुपर्छ,
- कृषि उत्पादनको आधारमा अनुदानको सीमा तोक्ने,
- किसानका सबै उत्पादनहरुलाई सरकारले किन्ने ग्यारेण्टी गर्ने र निजी क्षेत्रमार्फत बजारीकरणको व्यवस्थापन गर्ने,।
- वैदेशिक रोजगारीबाट फर्कने युवालाई कषिमा केन्द्रित गर्ने गरी कार्यक्रम ल्याउने,
- ६ महिनासम्म ब्याजमा लाग्ने जरीवाना नलाग्ने व्यवस्था गर्ने,
- माइस टुरिजमलाई प्रवर्द्धन गर्नुपर्ने,

- ६ महिनासम्मका लागि ब्याजमा जरीवाना नलाग्ने,
- सरकारले भ्याट छुट वापत दिने भनेको प्रति मेगावाट ५० लाख अनुदान व्यवस्था गर्ने,
- आयोजनाको लाइसेन्सको अवधि एक बर्ष थप गर्ने,
- उत्पादन मिर्ति र ऋण तिर्ने अवधि पनि एक बर्ष थप गर्ने,
- विदेशी लगानीको हकमा तत्काल उचित हेजिङ फण्डको व्यवस्था गर्ने,
- प्रति व्यक्ति रोजगारी सिर्जना गरेवापत उद्योगलाई बार्षिक रुपमा २० हजार अनुदानको व्यवस्था,
- बेरोजगार भएका व्यक्तिहरुका लागि उद्योग, निर्माण, कृषि, जलविद्युत लगायतका क्षेत्रमा रोजगारी सिर्जना गर्ने,
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको रकम आवश्यक प्राविधिक जनशक्ति तयार गर्नका लागि उपयोग गरी रोजगारी सिर्जना गर्ने,
- विदेशमा फर्कने नेपालीले सम्बन्धित देशमा गरेको काम र अनुभवबारे अन्तर्राष्ट्रिय विमानस्थलमै फर्म भर्ने व्यवस्था गरेर सम्बन्धित क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्ने
- मिडिया उद्योगलाई ६ महिनाभित्र भुक्तानी गर्दासम्मका लागि ब्याजदरमा २ प्रतिशत विन्दु छुट र जरीवाना नलाग्ने व्यवस्था गर्ने,
- पत्रकारलाई समेत सहुलियत ऋणको व्यवस्था गर्ने,
- राज्यले गरिरहेका विकासको अनुगमन गरेर खोजमूलक समाचारका लागि प्रोत्साहन स्वरुप फेलोशिप व्यवस्था गर्ने,
- नियमित काममा संलग्न सञ्चारकर्मीलाई पेशागत, सुरक्षागत तथा क्षमता वृद्धिका लागि ठोस कार्यक्रम ल्याउनु पर्ने,
- स्वास्थ्य सेवा, बीमाको उचित प्रबन्ध तथा बैंक तथा वित्तीय संस्थामार्फत स्वउद्यम गर्ने सञ्चारकर्मीलाई सरल कर्जाको व्यवस्था र व्याजमा छुटको प्रबन्ध गर्नुपर्ने ,
- पत्रकार सुरक्षाका लाथि थप राहतकोषको प्रबन्ध गर्ने,
- प्रतिफल दिने सडकमा मात्र बजेट विनियोजन गर्ने,
- उद्योग, व्यवसाय सञ्चालनका लागि रोजगारी सिर्जना गर्ने उद्योगलाई ५ देखि १० बर्षसम्म जग्गा भाडालाई निःशुल्क गर्ने तथा अन्य करहरुमा पनि छुट दिने,
- स्थानीय उत्पादनको बजारीकरणका लागि विशेष कार्यक्रम ल्याउने,
- समितिले दिएका निर्देशन परिपालना गराउने,
- दुई बर्षसम्म सरकारी निकायबाट ५० लाख मूल्य माथिका सवारी साधन किन्न रोक
- उच्च आय भएको परिवार तथा स्थायी किसिमको रोजगारी रहेका परिवारमा दिँदै आएको सामाजिक सुरक्षावापतको भत्ता कटौती

- प्रधानमन्त्री, मन्त्रीहरुका साथै सचिवहरुको सचिवालयको संख्या तथा उनीहरुको खर्चमा कटौती गर्ने
- सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन सार्वजनिक गर्दै सुझाव कार्यान्वयन (अनावश्यक विभिन्न समिति तथा आयोजनाहरुको खारेज गर्ने)
- सरकारका विभिन्न निकाय तथा संस्थानमा रहेका कोषहरुको उपयोग गर्ने
- कम्तीमा एक बर्ष तलब वृद्धि नगर्ने
- करको दायरा फराकिलो बनाउने (डिजिटल मार्केटिङलाई करको दायरामा ल्याउने, बिचौलियाहरुलाई लाइसेन्सको व्यवस्था गरेर कर लगाउने आदि)
- कृषिमा आवद्ध युवाहरुलाई सम्मान गर्ने परिपाटीको विकास गर्ने
- बैंक तथा वित्तीय संस्थामा अनिवार्य रुपमा कृषि विज्ञ राख्ने
- कृषक राहत कोषको व्यवस्था गर्नुपर्ने
- विदेशी पर्यटक आकर्षणका लागि सूचना प्रविधिको उच्चत्तम उपयोग गर्ने ।
- विद्युत उत्पादनसँगै प्रशारण, वितरण र व्यापारमा निजी क्षेत्रको सहभागिता
- विद्युत निर्यातमार्फत प्रोत्साहनको व्यवस्था (अन्य उद्योगसरह)
- साना तथा मझौला, ठूला उद्योग तथा व्यवसाय, जलविद्युत, कृषि, पर्यटन, पूर्वाधार लगायतका क्षेत्रमा छुट्याउने विकास खर्चलाई रोजगारी सृजनासँग जोड्ने

## ग. पत्रकारका अन्य सुझावहरुः

- खर्च कटौतिको क्षेत्रः CEO संचालकको पारिश्रमिक सुविधा ।
- वजेटको ५प्रतिशत तत्काल राहत प्याकेजमा ल्याउनु पर्ने ।
- बैङ्कहरुले कृषिमा २० प्रतिशत लगानी गर्नुपर्ने ।
- हाम्रो बनको व्यवस्थापन गरी बनजन्य उत्पादन बढाई रोजगारी सृजना र आयात प्रतिस्थापन गर्नुपर्ने।
- कृषि क्षेत्रलाई भारतले के सुविधा / सहुलियत दिएको छ अध्ययन गरी हाम्रो उद्यमी व्यवसायीले प्रतिस्पर्धा गर्न सक्ने गरी कार्यक्रम ल्याउने ।
- बैङ्क वित्तिय सस्थाले प्रदान गर्न सक्ने सहुलियत कर्जाहरु review गर्ने ।
- सिंहदरवार भित्र कुन तहले कति सवारी साधन प्रयोग गर्दछन् त्यसवापत कति खर्च लाग्छ, पूर्व भि आई पि / भि भि आई पि ले कति सुबिधा लिन्छन् अध्ययन गरी खर्च कटौती गर्नुपर्ने ।

- दुर्गम स्थानमा विकासको लागत बढि हुने हुँदा र जनसख्या कमि हुने हुँदा जनसख्यालाई कम भार दिई समावेशी विकासको हिसावले  बजेट वनाउनु पर्ने ।
- रुग्ण उद्योग संचालन र भएकाको क्षमता अभिबृद्धि गर्ने ।
- बिदेशमा रहेका श्रमिक मात्र होईन रोजगारदाता, व्यवसायी, उद्यमी NRN लाई फिर्ता ल्याई रोजगार सृजना गर्नु पर्ने ।
- अनुत्पादक खर्च नगरी वित्तिय अनुशासन कायम गर्नुपर्ने ।
- पेट्रोलीयम पदार्थ आयात प्रतिस्थापन गर्न विद्युत आयोजना चाँडै सकौं ।

## ४. सहकारी क्षेत्रः-

मिति २०७७/१/२९ गतेको अर्थ समितिको बैठकमा आर्थिक विकासको तेस्रो स्तम्भको रुपमा रहेको सहकारी क्षेत्रलाई जनताको आवश्य कता अनुरुप प्रवर्द्धन, सुदृढिकरण र विकास गर्दै जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन साथै सहकारीहरुको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न सरकार र सहकारीहरु बीच सम्बन्ध सेतुको भूमिका निर्वाह गर्ने सहकारीहरुको छाता संगठनको रुपमा रहेको राष्ट्रिय सहकारी महासंघ लि. नेपालका अध्यक्ष र अन्य सम्बद्ध पदाधिकारीहरुसँग नोवल कोरोना भाइरसको महामारीले सहकारी क्षेत्रमा र समग्र अर्थतन्त्रमा पारेको प्रभाव, सहकारी क्षेत्रमा परेको नकरात्मक प्रभावलाई पुनरूत्थान गर्न आगामी आ.व. को बजेटमा सम्बोधन हुनुपर्ने विषय तथा अन्य प्राथमिकताका क्षेत्रहरु लगायतका समसामयीक विषयमा छलफल भई निम्नानुसारका सुझावहरु प्राप्त  भएको थियो ।

- सबै प्रकारका सहकारी संघ /  सस्थामा नगरपालिका क्षेत्रभित्र संचालन भएको हकमा ५ प्रतिशत र उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र संचालितलाई १० प्रतिशत मात्र आयकरको व्यवस्था हुनुपर्ने ।
- स्थायी लेखानम्वर लिन छुट भएको सहकारी सस्थाले पछिल्लो दुई वर्षको लेखा परिक्षण प्रतिवेदनको आधारमा प्यानमा दर्ता गर्न २०७७ चैत मसान्त सम्मको लागि अन्तिम पटक मौका दिने व्यवस्था हुनुपर्ने ।
- सहकारी संघ / सस्थाहरुले बचतमा प्राप्त गर्ने ब्याज आम्दानीमा अग्रिम कट्टा गर्नु नपर्ने व्यवस्था हुनुपर्ने ।

- वाणिज्य तथा विकास बैङ्कहरुले सहकारी संघ / सस्थामा लगानी गरेको कर्जा र सहकारी संघ / सस्थाबाट सदस्यहरुलाई प्रदान गर्ने कर्जामा ६ प्रतिशत अनुदान दिनुपर्ने व्यवस्था हुनुपर्ने ।
- सहकारी संघ / सस्थाहरुले उत्पादन गरेको बस्तु तथा मालसामानमा लाग्ने अन्तःशुल्कमा आंशिक वा पुरै छुट दिने व्यवस्था हुनुपर्ने ।
- तरलता व्यवस्थापनका लागि सबै सहकारी संघ / सस्थाबाट योगदान समेत रहने गरी विपत तरलता कोष स्थापना हुनपर्ने ।
- सहकारीमा जीखिम न्युनिकरणका लागि सहकारी कर्जा सूचना केन्द्र र बचत तथा ऋण सुरक्षण कोष स्थापना हुनुपर्ने ।
- सहुलियतपुर्ण ऋण तथा युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई राष्ट्रिय सहकारी संघ / संस्थामा परिचालन हुने व्यवस्था गरिनुपर्ने ।
- सरकारबाट वितरण हुने विभिन्न प्रकारका राहतका कार्यक्रमहरु सहकारी संघ / सस्था मार्फत परिचालन हुनुपर्ने ।
- सहकारी सुपथ मूल्य पसल (कोपसप) प्रवर्द्धनका लागि विशेष प्याकेजको व्यवस्था हुनुपर्ने ।
- राष्ट्रिय सहकारी बैङ्कलाई समासोधन (**clearing house** )को सदस्यता प्रदान गर्ने नीतिगत व्यवथा हुनुपर्ने ।
- सहकारी संघ / सस्थाहरुलाई एकिकरणका लागि प्रोत्साहित गर्न आयकर छुट हुनुपर्ने ।
- वित्तिय कारोवार गर्ने सहकारी संघ / सस्थाहरुका लगि कोभिड १९ महामारीको अवधिभर कृषि, साना व्यवसाय र लघुकर्जामा लाग्ने व्याजमा अनुदान दिने व्यवस्था हुनुपर्ने ।
- सहकारी ऐन, २०४७ सँग वाझिएका ४७ वटा ऐनहरु संशोधन हुनुपर्ने ।
- सहकारी मार्फत ७ वटै प्रदेशमा हरितगृह, प्रत्येक पालिकामा सहकारी खाद्य भण्डार, प्रत्येक ३ पाएक पर्ने स्थानमा आवश्यक प्रविधि तथा प्रविधिक सहितको वीउ विजन प्रशोधन केन्द्रको स्थापना हुनुपर्ने ।
- सहकारी मार्फत संभाव्यताको आधारमा एक गाउँ उत्पादन मोडलमा जग्गा बाँझो नहुने गरी सहकारी खेती फार्मको प्रवर्द्धन हुनुपर्ने ।

## ५. बैंकिङ्ग क्षेत्रः-

मिति २०७७/१/३० गतेको अर्थ समितिको बैठकमा बैंकहरु बीच आपसी समन्वय र सहयोग मार्फत बैंकिङ्ग क्षेत्रलाई प्रभावकारी रुपमा सञ्चाथलन गरी जनतालाई छिटो र उपयोगी बैंकिङ्ग सेवाहरु उपलब्ध गराउन आवश्यक नीति, प्रक्रिया र प्रविधि अपनाउने र कार्यान्वयन गर्ने साथै समयसापेक्ष बैंकिङ्ग नीति निर्माण गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकलाई सुझाव र सहयोग पुर्याउन स्थापित बैंकहरुको शिर्ष संगठन नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष र अन्य सम्बद्ध पदाधिकारिहरुसँग नोवल कोरोना भाइरसको महामारीले बैंकिङ्ग क्षेत्र साथै समग्र अर्थतन्त्रमा पारेको प्रभाव, बैंकिङ्ग क्षेत्रमा परेको प्रभावलाई सम्बोधन गर्न आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने विषय साथै अन्य प्राथमिकताका क्षेत्रहरु लगायतका समसामयीक विषयमा भएको छलफलबाट प्राप्त सुझावहरु देहाय बमोजिम रहेका छन् ।

- कोरोना भाईरसको कारण क्षति हुने प्रभावितलाई बेस रेटमा कर्जा प्रवाह गर्नु पर्ने।
- साना मझौला उद्यमीहरुलाई सहुलियत दरमा ऋण दिनुपर्ने ।
- मूद्रास्फ्रिति दर भन्दा २-३ प्रतिशत बढी ऋण प्रवाहको व्याजदर हुनुपर्ने ।
- एउटा ठाउँमा २/३ वटा **ATM** को सट्टा एउटै **ATM** राखेर खर्च घट्छ।
- बेसरेट घटाएर **lending rate** घटाउनु पर्ने ।
- नेपाल राष्ट्र बैङ्कको निर्देशन अनुसार २ प्रतिशत ब्याजदर घटाउन भनिएको **Loss** भएका सस्थालाई बेसरेटमा दिइने तर **loss** नभएकालाई घटाउन नहुने ।
- केन्द्र, प्रदेश, जिल्ला, स्थानीय संयन्त्र वनाएर त्यसबाट कर्जा प्रवाहामा के के समस्या छन्, के केमा लगानी गर्न सकिन्छ अध्ययन गर्नुपर्ने ।
- **Cash payment** सट्टा **digital payment** गर्न सक्यो भने **money laundering** रोक्न सकिने भएकोले, **digital banking** मा जानु पर्ने ।
- ५ बर्ष भित्र **basic item** मा आत्मनिर्भर हुन सक्ने **target** वनायौ भने कृषिमा लगानी बढाउन सकिने, यस क्षेत्रमा आकर्षित हुन्छ ।
- **Deposit** को ब्याजमा १५ प्रतिशत कर नलिने ।
- **Cement** को मूल्य सरकारले तोक्ने र **Road** बनाउन प्रयोग गर्ने ।

- बैङ्कले दिने राहात ऋणिलाई मात्र भएकोमा ऋणको ग्राहकलाई पनि हुनुपर्ने गरी राहतको **trickle down** हुनुपर्ने ।
- राहत तिर्न सक्नेलाई (**auto loan ,salary** बुझ्ने) हुनु हुँदैन रेड जोनमा हुनेलाई मात्र हो ।
- कृषिमा **Comprehensive packge** आउनु पर्दछ बैङ्कले लोन दिएर मात्र हुदैन विउ, मल, सिंचाई सबैलाई समेटेर प्याकेज ल्याउनु पर्दछ ।
- राहत **SMEs** लाई हुनुपर्दछ जो अर्थतन्त्रको मेरुदण्ड हो ।
- जसले रोजगारी सिर्जना गर्न सक्छ ,नवप्रर्वतन ल्याउन सक्छ बजेटले त्यसतर्फ जोड दिनु पर्दछ ।
- **Big house family** मा भएको **Profit** जनतामा आउनु पर्दछ ।
- बैङ्कहरुले जहाँबाट डिपोजिट उठाउँछ त्यहाँ निश्चित प्रतिशत ऋण प्रवाह हुनुपर्ने, त्यहीकै मानिसलाई उद्यमी वनाउपर्ने व्यवस्था गर्नुपर्ने ।

## ६. नेपाल चार्टर्ड एकाउण्टेण्ट्स (संस्था र संघ) :-

मिति २०७७/०२/०१ गतेको अर्थ समितिको बैठकमा अन्तराष्ट्रिय मान्यता र अभ्यास अनुरूप लेखा पेशालाई मर्यादित र पारदर्शी बनाउदै व्यापार वाणिज्य, राजश्व, लेखा सम्बन्धी नीति, प्रक्रिया र प्रणालीलाई समयसापेक्ष सदृढ गरी आर्थिक विकास र सुशासन कायम गर्न नेपाल सरकारलाई आवश्यरक सुझाव र सहयोग पुर्याआउने संस्थाहरु नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था र नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संघका अध्यक्ष र अन्य सम्बद्धपदाधिकारीहरुसँग नोवल कोरोना भाइरसको महामारीले समग्र अर्थतन्त्रमा पारेको प्रभाव, उक्त प्रभावलाई सम्बोधन गर्न आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने विषय साथै बजेटमा प्राथमिकीकरण हुनुपर्ने विषय र क्षेत्रहरुका सम्बन्धमा छलफल भई देहाय बमोजिमका सुझाव प्राप्त भएको थियो ।

## क. कृषि क्षेत्रमाः-

- देशको आर्थिक मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको दिगो विकास गर्न तथा रोजगारी गर्न तथा देशलाई आत्मनिर्भर बनाउन कुल बजेटको २० देखि २५ प्रतिशत बजेट आवश्यक पर्ने ।
- सरकारले कृषि उपजको मूल्य निर्भारण गरि सरकारप्रति जिम्मेवार संघसस्था मार्फत खरिद गर्नुपर्ने र संकलन र भण्डारण स्थानीय निकायको समन्वयमा गर्नुपर्दछ।
- नेपाल मा अहिले चलिरहेको कृषि सहकारी, युवा स्वरोजगार, प्रधानमत्री रोजगारी कार्यकम लाई एकत्रित गरि सरकार च्भधबचम दबकभम ँगलमष्लन आधार मा अनुदान दिनु **पर्ने** ।
- समय अनुकुल कृषि नीतिहरू मार्फत कृषि क्षेत्रको प्रबर्धन गर्ने । नयाँ नयाँ प्रविधिहरु भित्राउने । कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्ने ।
- स्थानीय निकायसंगको समन्वयमा अन्य क्षेत्रबाट बेरोजगार भएका तथा विदेशबाट फर्केका नेपालीहरुको रोस्टर बनाई उनीहरुको इच्छा बमोजिम कृषि क्षेत्रमा परिचालन गर्ने,
- मल तथा बिजहरु सुपथ मुल्यमा उपलब्ध गराउनु **पर्ने** ।
- चामल र अन्य कृषि उत्पादनहरूको आयातमा लाग्ने करलाई परिमार्जन गरि आयातलाई निरुत्साहित गर्नुपर्द्छ । सरकारले जग्गाको बर्गिकरण समेतगरी खेतीयोग्य जमिनलाई अन्य प्रयोजनमा लगाउन पुर्णरुपमा बन्देज गर्नुपर्दछ ।
- निर्यात गर्न सकिने कृषि उत्पादनहरूलाई सरकारले विभिन्न संयन्त्र मार्फत प्रोत्साहन गर्नुपर्दछ ।

- हामीले झन्डै ५०० करोड रुपैयाको स्याउ आयत गर्दछौं । यातायात सुविधा र कोल्डस्टोरेज सुविधाको अभावका कारण नेपाली स्याउ अझै बजार बाहिर छ । सरकारले यस्तो अवस्थामा उपयुक्त यातायात सुविधाको व्यवस्था तथा कोल्डस्टोरेज सुविधाको व्यवस्था गर्नुपर्दछ । साथै कोल्डस्टोरेज संचालकलाई कर छुट तथा अनुदानको व्यवस्था गरी प्रोत्साहन गर्नुपर्दछ|

- नेपाल सरकारले आर्थिक वर्ष २०७३/७४ देखि २०८२/८३ साललाई फल दशकको रूपमा घोषणा गरिसकेको परिप्रक्षमा अघिल्लो वर्षमात्र लगभग ८०० करोड रुपैया वरावरको फलफुल विभिन्न देशबाट आयात गरिएको देखिन्छ । फल दशकको लक्ष्य पूरा गर्न सरकारले यस क्षेत्रमा थप नीतिहरू बनाई नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउने दिशामा काम अगाडी बढाउनु पर्दछ

- कृषिजन्य उत्पादनमा बिचौलियाको उच्च प्रभावका कारण वास्तविक किसान र उपभोक्ता दुबै घाटामा छन्। सरकारले यि क्षेत्रहरुमा पनि उचित ध्यान दिनु आवश्यक छ ।

- जग्गा पुलिंग, बैंक, एकिकृत तथा बिशेष कृषि पकेट क्षेत्र जस्ता अवधारणा अवलम्बन गर्नुपर्दछ । सम्भव भएसम्म कुनै बस्तु विशेष उत्पादन क्षेत्र समेत तोक्नुपर्द्छ ।
- बास्तबिक किसानको सहुलियत कर्जामा पहुच पुगेको छैन भने व्यवसायिक घराना तथा नक्कली किसानहरुले यसको दुरुपयोग गरेको देखिन्छ । सरकारले यस्तो कर्जाको उपयोगिताको लागि आवश्यक नीतिगत निर्णयगरी ठोस कदम चाल्नुपर्ने देखिन्छ ।
- ज्यालादारी कर्मचारी तथा प्रोपराइटरको १ लाखसम्मको कृषि आय कर छुट गर्नुपर्दछ ।
- कोरोना महामारीमा लकडाउनवाट तथा मौसम फेरबदलबाट प्रभावित किसानहरुलाई राहत प्याकेज घोषणा गर्नुपर्दछ ।

## ख. रोजगारी सिर्जना सुधार सम्बन्धी सुधार

- कोरोना को असर सम्पूर्ण क्षेत्रमा परेको बेला नेपाल सरकार ले रोजगारी सिर्जना को लागि निन्नानुसर को काम गर्नुपर्ने।
- नेपाल सरकार को बन्द अवस्थामा मा रहेको उद्योगहरु प्रदेश सरकार तथा स्थानीय सरकार मा कम्तिमा ४०५ स्वामित्व हस्तान्तरण गरि तत्काल सुचारु गर्नुपर्ने देखिन्छ यस बाट स्थानीय सरकार, प्रदेश सरकार को लगानी बढने, उत्तरदायित्व पनि बढ्ने र रोजगारी सिर्जना हुनेछ ।
- अहिले बन्द रहेको उद्योगहरु जस्तै सुनवल चिनि कारखाना , भिर्कुटि कागज कारखाना, गोर्खाली रबर उद्योग, विराटनगर जुट मिल जस्ता उद्योग हरु तत्काल संचालनमा भएमा कम्तिमा २ लाख रोजगारी सिर्जना हुने तथा स्थानीय सरकार, प्रदेश सरकार को आर्थिक क्रियाकलाप बृदि हुनेछ ।
- आ.व. २०७७/७८ तथा ७८/७९ मा उधोग, प्रबिधि, तथा क्षमता बिस्तार गरेमा सो लगानी रकममा १५० प्रतिशत सम्म रकमलाई पुंजिकृत गर्न दिने । यसले उद्धमि ब्यबसायमा आकर्षित हुनेछ भने रोजगारीका अवसर पनि खुल्नेछन । ब्यबसायीले पहिला कर तिरिसकेपछि पछि कर फिर्ता र अनुदान भन्दा यो प्रत्यक्ष तथा ब्यबसायीलाई आकर्षित गर्न मद्दत गर्नेछ .
- आ.व. २०७६।७७ मा दर्ता भई यसै आ.व. भित्र सञ्चालनमा आउने विशेष उद्योग र पर्यटन उद्योगलाई आगामी पाँच बर्ष पुर्ण आयकर छुट र त्यसपछिका तिन बर्षको आयमा लाग्ने करमा पचास प्रतिशत कर छुट गर्ने ।

## ग. वित्तीय बजेट तयारीका लागि सुझावहरु

- विभिन्न तहगत सरकारको कर उठाउने प्रक्रिया सरलीकतृ गर्ने तथा एकद्वार प्रणाली विकास गर्ने ।
- संघिय सरकारले हाल २० लाख भन्दा कम तथा भ्याटमा कारोबार नभएका करदाताको महानगर, उपमहानगर, नगरपालिका तथा गाँउपालिकाको आधारमा क्षेत्रगत रुपमा साना करदाताबाट संकलन गरिरहेको आयकर एकद्धार संयन्त्र निर्माण गरि स्थानीय निकायबाटनै संकलन गर्ने व्यवस्था गर्ने ।

- एकद्धार प्रणालीको व्यवस्था पर्यटकबाट उठाइने करमा पनि लागु गर्नपर्ने देखिन्छ ।
- SWEAT Equity को हकमा सेवा प्रदान गर्दा नभएर अन्य देशहरुमा झैं SWEAT Equity निसर्ग गर्दा कर लाग्ने व्यवस्था गरिएमा यसले पूँजी निर्माण गर्नुपर्ने ।
- अनलाईन पोर्टललाई मू.अ.कर. नलाग्ने व्यवस्था गरि यस्ता अनलाईन पोर्टलमा आवद्ध भएका सेवा प्रदायकहरुले कम्तिमा प्यानमा दर्ता भएको व्यवस्था गरेमा
  असंगठित क्षेत्रलाई करको दायरमा ल्याई करको दायरा वृद्धि गर्न सहयोग पूग्ने ।
- वासिन्दा प्राकृतिक व्यक्ति सरहनै वासिन्दा निकायको शेयरको निसर्गको आयमा करको दर कायम गर्ने ।
- घर जग्गा खरिदको कारोबारमा लाभ गणना गर्दा खरिद मुल्यमा मुल्य वृद्धि दरको समायोजन समेत गर्ने व्यवस्था गर्दा वास्तविक लाभमा मात्र कर तिनुपर्ने हुने देखिन्छ ।
- नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्था आइक्यानबाट जारी गरीएका NFRS कार्यन्वयनमा ल्याउन कार्यन्वयन निकाय ( Enforcing Agency ) गठन गर्नुपर्ने देखिन्छ । उक्त निकायमा NFRS विज्ञका रुपमा चार्टर्ड एकाउण्टेण्ट्स्हरुको पर्याप्त नियुक्ति गराउनु पर्दछ ।
- जोखिमका आधारमा वा कारोबारको आधारमा बैंक तथा वित्तीय संस्था, वा ठुला सहकारी संस्थाहरुको शाखा अडिटको अवधारणालाई जरुरी गराउनुपर्ने ।
- नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो अन्तर्गत फरेन्सिक अधिकृतका रुपमा चार्टर्ड एकाउण्टेण्ट विज्ञ राखिनुपर्ने ।
- राजस्व वृद्धि तर्फ कानुनी रुपले नै कमाएको सम्पत्ति पनि आवश्यक कागजात सुरक्षित राख्न छुटेकाले सो सम्पत्ति घोषणा गरी त्यसमा १० प्रतिशतको दरले कर तिरेमा सो सम्पत्तिको लेखाङ्कन हुने र भविश्यमा सो सम्पत्तिको स्रोत कुनै पनि प्रयोजनको लागि नखोजिने व्यबस्था गर्ने ।
- सामाजिक सञ्चालमा विज्ञापन गर्दा १३ प्रतिशतको “संचार सम्पक कर” को रुपमा एकल दर लगाएमा र सो कर बैंकको कार्डबाट सोझै भुक्तानी गर्न मिल्ने बनाउने ।
- संघिय, प्रदेश र स्थानियस्तरको कोरोना रोकथाम कोषमा चन्दा योगदान गरेमा सो रकम आयकर प्रयोजनका लागि खर्च लेख्न दिने भन्ने व्यबस्था राजपत्रमा प्रकाशन गर्ने ।
- व्यबसाय बन्द गर्न चाहेमा एकमदमै सरलिकृत तरिकाले केहि राजस्व तिरेमा गर्न सकिएमा ठुलो राजस्व संकलन हुन सक्ने ।
- कम्पनीहरुलाइ जरीवानाहरुमा आशिक छुट दिई अद्यावधिक गर्ने अवसर दिनुपर्ने ।
- खर्च कटौती तर्फ मितव्ययी रुपमा कर उठाउनका लागि दुई प्रदेश वा दुई स्थानिय तह मिली कर उठाउन प्रोत्साहान गर्ने ।
- सरकारले आगामी बर्षका सम्पुर्ण गोष्ठी कार्यक्रमहरु सम्भव भएसम्म अनलाईनबाट गर्ने व्यबस्था गर्ने ।
- कुल ग्राधस्थ उत्पादनको ३ देखि ५ प्रतिशतको आर्थिक प्रोत्साहनको तयारी गर्नुपर्नेछ ।
- विदेशबाट फर्केका नेपालीहरुको रोस्टर बनाई उनीहरुको इच्छा बमोजिम कृषि क्षेत्रमा परिचालन गर्ने ।

- बीउ र बिरुवाको क्षतिलाई दृष्टिगत गर्दै कृषिभित्र अनुसन्धान र बजेट विनियोजन गर्नुपर्छ ।
- होटल, यातायात, आन्तरिकर वाह्य उडान, ट्राभल र टुर्ससँग सम्बन्धित क्षेत्रहरूलाई व्याजमा अनुदान सावा ब्याज भुक्तानीको म्याद कम्तिमा एक वर्षसम्म पर सारिदिने, कम्तिमा दुईबर्ष कर छुट दिने, सरकारी शुल्क तथा नविकरण दस्तुर निशुल्क बनाउने तथा यस बर्षकोघाटालाई पुंजिकृत गर्न दिने व्यबस्था मिलाउने जस्ता व्यबस्था गर्ने ।
- आन्तरिक पर्यटन प्रबर्धन गर्न तहगत रुपमा सरकारी कर्मचारीहरुलाई अनिवार्य १० दिनको **छुट्टी दिई** भर्मण गरि भ्याट बिल पेश गरेमा यातायातमो खर्च तथा बस्न खानको खर्च दावी गर्न दिइने व्यबस्था गर्नुपर्दछ ।
- चार्जिंग स्टेशनहरूको निर्माणमा सरकारले कर छुट दिने ।
- विधुतीय सवारीसाधन, चार्जिंग स्टेशन, विधुतीय खाना बनाउने चुलो, आदिमा कर छुट तथा अनुदान जस्ता स्किम ल्याई कार्यान्वयन गर्नु पर्दछ ।
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले ल्याएको युडिन UDIN अवधारणा पूर्ण रूपमा कार्यान्वयन गर्ने नीति लिनु पर्ने।
- कम्पनी ऐन २०६३ तथा संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएका सबै निकायहरुको संचालकहरुको अनिवार्य रुपमा विधुतीय दस्तखत (Digital Signature) को ब्यबस्था गरि वित्तिय पारदर्शिता बढाउन नीति लिनु पर्ने।
- डिजिटलाइजेसनको प्रवर्धन गर्न पर्ने।
- बिजनेस प्रोसेस आउटसोर्सिडमा दक्ष तर किफायती इन्जिनियरहरुले सफ्टवेयर बनाउने र विश्वबजारमा बिक्री गर्ने ।
- कृषिलाई प्रविधिमैत्री बनाउने ।

## ७. अर्थ विज्ञः-

मिति २०७७/०२/०१ गतेको अर्थ समितिको बैठकमा नोवल कोरोना भाइरसको महामारीले समग्र अर्थतन्त्रमा पारेको प्रभाव, उक्त प्रभावलाई सम्बोधन गर्न आगामी आ.व. को बजेटमा समाहित हुनुपर्ने विषय साथै बजेटमा प्राथमिकीकरण गर्नु पर्ने क्षेत्रहरु लगायतका समसामयीक विषयमा नेपालको अर्थतन्त्रका सम्बन्धमा राम्रो ज्ञानराख्नुत हुने र विभिन्न निकाय तथा संघ संस्थामा आबद्ध भई अनुभव हासिल गर्नुहुने विज्ञ व्यक्तित्वहरू डा. गोविन्द नेपाल, डा. चन्द्रमणी अधिकारी, डा. डिल्ली राज खनाल, प्रा.डा. विश्वम्भर प्याकुरेल र डा. शंकर शर्मासँग छलफल भई देहायका सुझावहरु प्राप्त भयो ।

- थ्रेसहोल्ड तोकी तलव दिने ।
- कम्पनिको लाभांस ५ प्रतिशतमा सिमित गर्ने ।
- राजस्व घट्ने, कर तिर्ने क्षमता कम हुने, आय कम रहेको अवस्थामा हाम्रो क्षमता भित्र रहेर ऋण उठाउनु पर्ने ।
- **Resource** बाँडफाँडमा प्राथामिकता पुन तोकी सुत्र फर्मुला परिवर्तन गर्ने ।
- आकस्मीक कोषको व्यवस्था गरि संघ र प्रादेशिक तहमा प्रयाप्त रकम राख्नु पर्ने र भोलिका दिन अनिश्चतता रहेको हुँदा कहाँ कति आवश्यक पर्दछ सोही अनुसार काम गर्नुपर्ने ।
- **Human life** छान्ने की **Economic cost** छान्ने भन्ने **trade off** देखिएको ।
- बजेटको आकार बढाउन नहुने, न्युनतम बजेट ल्याउनु पर्ने पूरक बजेट पछि ल्याउनु पर्ने ।
- प्रदेशको राजस्व संकलनमा क्षमता घटेको, प्रदेश विशेष समस्या र खर्च क्षमता फरक रहेको ।
- कर तिर्ने समयको **extention** गर्नुपर्ने ।
- **Job less** हरुलाई **support** हुनेगरि कार्यक्रम ल्याउनुपर्ने ।
- **cash reserve ratio** १ प्रतिशत घटाउनु पर्ने
- बैङ्कबाट लिएका ऋणहरु **monitary policy** आउदा **Reschedule / restructure** गर्ने ।
- फरक फरक हावापानीको डिभिडेन्ड लिने गरी जुन जुन **product** जुन हावापानी भएको ठाँउमा राम्रो हुन्छ त्यसमा फोकस गरि **processing industry** स्थापना गर्ने ।
- नयाँ कार्यक्रम नल्याउने ।
- **Globalization** त्यही हिसावले नजाने हुँदा आत्मनिर्भरता उन्मुख अर्थतन्त्र अवलम्वन गर्नुपर्ने ।
- स्वास्थ्य सेवालाई **Focus** ठिक छ तर थप परिस्कृत रुपमा प्रथामिकतामा राख्नुपर्ने ।
- खाद्यान्य आपुर्ति, **public distribution system,** श्रम वजारको अवस्था, ४०४५ लाख वेरोजगारीलाई सम्वोधन नगरेमा संकट निम्त्याउछ ।
- **Social security system one integrated** रुपमा संचालन गर्नुपर्ने ।

- **Fiscal stimulate packge** ल्याउनु पर्दा समग्र बचाउने हिसाव **GDP** को ६-७ प्रतिशत **Deficit - Financing** गर्नुपर्ने ।
- नतिजामा आधारित खर्च प्रणाली अपनाउने ।
- वोर्ड र समिति खारेज गर्ने, भिजिट नेपालको बजेट तान्ने, मेगा सीटी, स्मार्ट सिटी, मोनोरेल,अन्तराष्ट्रिय बैठकलाई छुट्याएको पैसाबाट खर्च गर्ने स्रोत जुटाउने ।
  - बजेट निर्माण गर्दा स्वास्थ्यको / कोरना भाईरसको प्रभाव कहिलेसम्म रहने भन्ने अनिश्चितता,बजेट कार्यान्वयन कमजोर छ,अवको दिनमा कार्यान्वयन कमजोर छ भन्ने मान्यता/आधारमा बजेट बनाउनु पर्ने ।
  - स्वास्थ्य, राहत र रोजगारी पहिलो प्राथामिकता राख्ने ।
  - **Rapid assessment** /स्वास्थ्य क्षेत्रको स्वेतपत्र आउनु पर्ने ।
  - **Health equipment** र औषधी आयात गर्न जेठ १५ सम्म रहेको छुट सुविधालाई निरन्तरता दिनु पर्ने ।
  - प्रधानमन्त्री रोजगार कार्यक्रम **flagship** कार्यक्रमको रुपमा ल्याउनु पर्ने ।
  - अनौपचारिक क्षेत्रमा २५ लाख वेरोजगार हुने ।
  - प्रधानमन्त्री कृषि आधुनीकीकरण कार्यक्रम **integrated** रुपमा लैजानु पर्ने ।
  - विउको **replacement** कम्तिमा ३० प्रतिशतले हुनुपर्ने ।
  - **Equipment hiring center** राख्ने **subsidy** दिएर सहकारीलाई समावेश गर्ने ।
  - प्रदेश २ मा ५० प्रतिशत सिंचाई काम नलाग्ने भएकोले मर्मत गरेर चलाउनु पर्ने ।
  - ५ नं प्रदेशमा ढुवानी साधनलाई **subsidy** दिएर कृषि एम्वुलेन्सको कार्यक्रम ल्याएको त्यसै कार्यक्रम सवै ठाउमा ल्याउनु पर्ने ।
  - **Land Bank** को सट्टा **contract law flexible** बनाएमा बाँझो जग्गा नरहने ।
  - **social security fund** मा दर्ता गर्न आउन प्याकेज दिने ।
  - तरलता बढाएर **cost of capital** घटाउने ।
  - सडक लगायतएक तिहाई **project** घटाउने ।
  - स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सूचनाकर्मी र आपुर्तिकर्मीलाई बिषेश ध्यान दिनुपर्ने ।

- जलविद्युतको उप्पादन ३००० मेघा वाट तयारी हुने भनिएकोमा **lock down** ले **project cost** कति बढ्छ, वंगलादेशले किन्छ की किन्दैन विश्लेएषण गर्नु पर्ने।
- सामाजिक सुरक्षाको रकम पून विचार गरि गरिवलाईमात्र बाड्नु पर्ने ।
- खर्च गर्ने क्षमता बढाउन यो यो गर्छु भन्ने कार्यक्रम आउनुपर्ने ।
- अहिलेको अवस्था हेरेर स्वेतपत्र जारी गर्नुपर्ने ।
- **Ditgital** मा जानुपर्ने विषयलाई प्राथामिकता दिनुपर्ने ।
- वर्ग, क्षेत्र, समुदायतथा भूगोल विशेष हेरेर कार्यक्रम ल्याउनु पर्ने ।
- **SMEs** लाई **Stimulus** गर्न **GDP** को ५ देखि ७ प्रतिशतको **Economic** राहात प्याकेज ल्याउनु पर्ने ।
- प्रधानमन्त्रीसँग जोडिएका कार्यक्रम प्रदेश स्थानीयलाई वाईपास गरेको कार्यक्रम सफल नहुने हुँदा यस्ता कार्यक्रम बन्द गर्नुपर्ने ।
- विस्तारकारी संविधानको संरचनागत संशोधन गरि आयोग घटाउने, मन्त्रिमण्डल सख्या घटाउने, केन्द्रर मुख्यमन्त्रीका सल्लाहकार घटाउने ।

**अन्य सुझावहरुः**

- कृषि उपज खाद्य संस्थाले किनिदिने व्यवस्था मिलाउने ।
- तेलको मूल्य घटेको विद्युत उत्पादन बढ्दा पेट्रोलीयम पदार्थमा तिरेको आधा कम गर्न सकिने ।
- भुमि बैङ्क सम्वन्धी **expert** नभएकोले लागू हुन मुस्कील छ ।
- राहत वितरण सम्वन्धी काम नागरिक समाज र स्थानीय जनप्रतिनधिको जिम्मा दिदा राम्रो हुने ।
- पर्यटनमा **FDI** को **direction** परिवर्तन हुन्छ । जहाजको **transit** थाईल्यान्डले कम गर्दछ।
- **Food habit** मा **change** गर्नुपर्दछ ।
- आम्दानी र सम्पत्तिलाई आधार मानेर स्थानीयले तथ्याङ्क संकलन गर्ने ।
- खर्च नीति हवाईजहाज किन्ने र कलम किन्ने एउटै ।
- कृषिको विमा तथा वजारको ग्यारेन्टी, क्षतिपूर्ति र नविके किनिदिने व्यवस्था गर्ने।

# परिच्छेद ३ : निष्कर्ष र सुझाव

आगामी आ.व. को बजेट तथा कार्यक्रमको लागि सम्बन्धित मन्त्रालय, आयोग तथा अन्य सरकारी निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, बैंकिङ्ग क्षेत्र, सञ्चाअर क्षेत्र, अर्थ विज्ञ र अन्य सम्बन्धित सरोकारवाला पक्षसँगको छलफलबाट प्राप्त सुझावहरुलाई समितिले क्षेत्रगत आधारमा देहाय बमोजिम विश्ले।षण गरी निष्कर्षमा पुगेको छ ।

## १. आगामी बजेटले प्राथमिकता दिनु पर्ने क्षेत्र सम्बन्धमाः-

- कोभिड १९ रोकथाम, नियन्त्रण, उपचार लगायत स्वास्थ्य पूर्वाधार निर्माण,
- कृषि प्रणालीको आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकिकरण र रुपान्तरण,
- उत्पादनशील रोजगारी र श्रम व्यवस्थापन,
- साना, घरेलु, मझौला र ठूला उद्योग व्यवसाय पूनर्स्थापना र प्रवर्द्धन,
- राहत व्यवस्थापन,
- विगतका आयोजना कार्यक्रमहरुको निरन्तरता ।

## २. स्वास्थ्य क्षेत्र सम्बन्धमाः-

- कोभिड १९ को प्रभाव रोकथाम, नियन्त्रण र उपचार गर्न स्वास्थ्य क्षेत्रमा आगामी आ.व.को बजेटको १०% रकम हरेक तहले विनियोजन गरी संघ, प्रदेश र स्थानीय तहले समन्वयात्मक रुपमा स्वास्थ्यका पूर्वाधार तयार गर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने जनशक्ती, Ventilators, ICU Bed र Isolation bed लगायतका पूर्वाधारको आवश्यकता पहिचान गरी सरुवा रोग अस्पाताल निर्माण गर्न पर्याप्तग बजेट विनियोजन गर्ने,
- संक्रमण फैलिन नदिन PPEs, sanitizer, gloves, testing kits, mask, औषधी लगायत स्वास्थ्य सामाग्रीहरु समयमै पर्याप्ता मात्रामा खरिद गरी आपूर्ती व्यवस्था सुनिश्चिवत गर्ने र यसको लागि पर्याप्् बजेट विनियोजन गर्ने र यस्ता सामग्रीहरु मुलुक भित्र उत्पादन गर्न आवश्य क तयारी गर्ने,
- कोभिड १९ को नियन्त्रण र उपचार कार्यमा खटिने स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी , सफाई मजदुर, एम्बुलेन्स चालक, आपूर्ती व्यवस्थामा संलग्न श्रमीक लगायत front

desk मा काम गर्ने सम्पूर्ण कर्मचारीहरुको रु ३५ लाख सम्मको स्वास्थ्य विमा गरिदिने र त्यस्ता कर्मचारीहरुको मनोवल उच्चच राख्नर अतिरिक्त भत्ताको व्यवस्था गर्ने,

- स्वास्थ्य वीमाका कार्यक्रमहरुलाई हरेक नागरिक सम्म विस्तार गर्ने,
- कोरोनाको महामारीबाट सबै नागरिकको जीवन बचाउन जोखिमयक्त क्षेत्रका जनसमुदायको परीक्षणलाई व्यापक बनाई थप फैलिन नदिने नीति अन्तरगत पर्याप्त बजेट विनियोजन गर्ने,
- हरेक प्रदेशमा एक/एक वटा स्तरीय प्रयोगशाला (lab) स्थापना गर्ने,
- केन्द्रिय औषधी अनुसन्धान केन्द्र स्थापना गर्ने र स्वास्थ्य मन्त्रालयमा प्राप्त् बजेटको कम्तिमा ५% छुट्याेउने,
- त्रिभुवन विमानस्थल हुदै नेपाल प्रवेश गर्ने विदेशमा रहेका नेपालीहरुको लागि Quarantine गर्न काठमाण्डौं उपत्यकाका होटलहरुसँग समेत सम्झौता गरी व्यवस्थापन गर्ने,
- भारतबाट आउने नागरिकहरुको लागि स्थानीय तह र प्रदेशहरुले आवश्यसक समन्वय गरी उपयुक्त स्थानको पहिचान गरी पर्याप्त quarantine को व्यवस्था गर्ने,
- नेपालका औषधी उद्योग व्यवसायीहरुले कुल मागको ७० देखि ८० प्रतिशत औषधी उत्पादन गरी आपूर्ती गर्न सक्ने प्रतिवद्धता जनाए अनुरुप त्यस्ता उद्योगहरुले आयातित औषधीसँग प्रतिस्पर्धा गर्न साथै कच्चा पदार्थ र तयारी औषधीमा आत्मनिर्भर हुन आवश्यक संरक्षणको नीति तत्काल लागू गर्ने,
- कोभिड १९ को अवधिभर सरकारले आवश्यकता अनुसार निजी अस्पतालहरुलाई समेत प्रयोगमा ल्याउने
- कोभिड १९ को उपचारको  नाममा अन्य नियमित स्वास्थ्य सेवा छाँयामा परेको देखिएकोले सबै प्रकारका स्वास्थ्य सेवाको सुनिश्चित गर्न आवश्यक बजेटको ब्यवस्था गर्ने।

## ३. कृषि तथा वन पैदावार सम्बन्धमाः-

- निर्वाहमुखि कृषि अर्थतन्त्रलाई आधुनिकिकरण ,विविधिकरण ,व्यवसायीकरण र यान्त्रिकरण गरी कृषिमा आधारित उद्योगको विकास गर्दै कृषिलाई आत्मनिर्भर बनाउन कृषि, पशुपालन, कृषि वन, सिँचाई, कृषि सडक लगायतका कृषिसँग अन्तरसम्बन्धित क्षेत्रहरुको लागि कम्तिमा कुल बजेटको १५% रकम विनियोजन गर्ने,
- कृषि प्रणालीलाई सामूहिक चक्लाबन्दीमा आधारित बनाई कृषि कार्य गर्दा माटो र हावापानी अनुकुल हुने गरी स्थान विशेषको आधारमा विशिष्ट वस्तुको मात्र उत्पादन गर्न प्रोत्साहन गर्ने,
- कृषिको लागि आवश्यक मल, विउ, किटनाशक औषधीमा स्थानीय निकायहरुले तोकेका सहकारी मार्फत र सहकारी नभएको स्थानमा तोकिएको स्थानबाट अनुदानमा आधारीत मल, बिउ, किटनाशक औषधी उपलब्ध गराउने,
- कृषि उपकरण खरिद गर्न कम्तिमा ५०% नगद अनुदान दिने र सरकारले नियमित बजार अनुगमन गर्ने,
- सिंचाईको सुविधा शुलभ र सहुलियतपूर्ण हुने व्यवस्था गर्ने,
- कृषि मिटर निशुल्क दिने,
- प्रमुख वाली लगाउनु अगावै सरकारले आधार मूल्य निर्धारण गर्ने र विक्री नभएमा सरकारले स्थानीय तह मार्फत खरिद गर्ने व्यवस्था सुनिश्चिनत गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा उत्पादित वस्तुको संरक्षणको लागि हरेक स्थानीय तहमा आवश्यक शितभण्डारको व्यवस्था गर्ने,
- कृषिमा आधारित अनुदानको रकम वास्तविक किसानले उत्पादनका आधारमा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने,
- वर्तमान संकटले श्रम बजारमा पारेको प्रतिकुल प्रभावले बेरोजगार हुन पुगेका युवालाई कृषि र कृषिजन्य उद्योगमा आकर्षित गर्न आवश्यक पर्ने पूँजी सामूहिक जमानी र project feasibility को आधारमा सहुलियत व्याज सहितको ऋण उपलब्ध गराउन प्रवन्ध मिलाउने,
- उत्पादकले प्राप्तो गर्ने मुल्य र उपभोक्ताले तिर्ने मुल्य बीच ठूलो अन्तर रहेकोले कृषि उत्पादनलाई बजार र उपभोक्ताको घर दैलो सम्म पुर्याकउन कृषि संकलन र वितरण सहकारीको व्यवस्था गरी त्यस्ता सहकारीलाई आवश्यक पर्ने कृषि उत्पादन विक्री

एम्बुलेन्स भन्सार छुटमा आयात गर्ने र लागतको आधारमा सरकारले सहुलियतपूर्ण ऋण दिने व्यवस्था गरी मुलुकभर यसको सञ्जा ल विस्तार गर्ने,

- कृषिजन्य उत्पादनको प्रशोधन उद्योगहरु हरेक प्रदेश सरकारले आवश्यकता अनुसार सामुहिकताको आधारमा सहकारी मार्फत स्थापना गर्ने,
- राष्ट्र बैंकले निर्धारण गरेको प्राथमिकता प्राप्त  कर्जाको हालको १०% रकमलाई १५% मा वृद्धि गरी उखु किसानहरुलाई समेत अनिवार्य रुपमा समेट्दै साना किसानहरुको पहुँच सुनिश्चिंत गर्ने,
- अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला स्थापना गरी कृषि, वन, पशु तथा खाद्य क्वारेन्टाइन सुविधा एकै थलोबाट उपलब्ध गराई गुणस्तर सुनिश्चिषत गर्ने,
- कम्पनी कानून अन्तरगत दर्ता भएका कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई निश्चिात अवधीको आयकर छुट दिने,
- छिमेकी मुलुकहरुको कृषि उत्पादन लागतको विश्लेकषण गरी नेपाली उत्पादकहरुलाई आवश्यिक क्षेत्रमा अनुदानको व्यवस्था गरी प्रतिस्पर्धी तुल्याउने,
- व्यवसायीक कृषि प्रवर्द्धनको लागि कृषि विशेषज्ञहरु उत्पादनमा विशेष जोड दिई उपयोग गर्ने नीति लिने,
- मुलुकभर उत्पादन भएको दुध र दुग्धजन्य पदार्थको बजारमा बिक्री वितरण हनु नसकी खेर जाने र मौज्दातमा समेत राख्नद नसकिने अवस्था सिर्जना भई कृषक र उद्योगहरु मारमा परेकाले सरकारले आवश्याक राहातको व्यवस्था गर्ने साथै सार्वजनिक क्षेत्रमा ती पदार्थहरुको प्रयोग अनिवार्य गर्ने,
- कृषिलाई प्रोत्साहन गर्न उपयोगमा नआएको वन क्षेत्रलाई भूगोल र हावापानीको आधारमा उच्चतम प्रयोग गरी कृषि वाली लगाउने,
- मुलुकमा उपलब्ध हुने मुल्यवान जडिबुटीहरुको उत्पादन, प्रशोधन, बिक्री वितरण र निर्यातबाट आर्थिक लाभ प्राप्तव गर्न व्यवसायिक कार्य योजना बनाई लागू गर्ने,
- वनबाट प्राप्त  हुने काष्ठलाई प्रयोग गरी नेपालमा दक्ष जनशक्ति र प्रविधि सहितको काष्ठ उद्योगको विस्तार गरी सार्वजनिक क्षेत्रमा आवश्यपक पर्ने फर्निचर आपूर्ती गर्ने योजना बनाउने र आयातित फर्निचर प्रतिस्थापन गर्ने नीति लिने,

- मुलुकले उपयोग र विक्री वितरण गरी आर्थिक लाभ लिन सक्ने ठूलो परिमाणका वन पैदावारहरु कानून लगायतका अन्य कारणले उपयोगमा नआई खेर गइरहेकाले आवश्यक कानूनी प्रबन्ध गरी तत्काल प्रयोगमा आउन सक्ने व्यवस्था गर्ने,
- पशु र पशुजन्य पदार्थको गुणस्तर सुनिश्चित हुन नसक्दा निर्यातमा बाधा सिर्जना भएकोले आवश्यक खोपको व्यवस्था गरी गुणस्तर सुनिश्चिित गर्ने,
- हाल लागू भई रहेको कृषि बीमाको दायरा विस्तार गरी सबै प्रकारका कृषि कार्यको लागि कृषि बीमा अनिवार्य गराई कृषकका जोखिमको अन्त्य गर्ने,
- मुलुक आत्मनिर्भर भएका कृषिजन्य उत्पादनहरुको आयात निरुत्साहित गरी कृषकहरुको उच्च मनोवल कायम गर्ने,
- नागरिकको स्वास्थ्यलाई ध्यान दिई अर्गानिक कृषि उत्पादनलाई योजनाबद्ध रुपमा विस्तार गर्ने,
- तीन तहकै सरकारको साझेदारी र किसानको समेत संयुक्त लगानीमा कम्तिमा हरेक प्रदेशमा १/१ वटा हुने गरी कृषि दाना उद्योग स्थापना गर्ने ।

## ४. उद्योग, व्यापार वाणिज्य र आपूर्ती सम्बन्धमाः-

- ठूला, मझौला तथा साना उद्योग सम्बर्धन र प्रवर्द्धनको लागि सञ्चालनमा नरहेका उद्योग बन्द गर्ने वा सञ्चालन गर्ने भन्ने स्पष्ट नीतिगत व्यवस्था गर्ने,
- औधोगिक क्षेत्रलाई उत्पादन, रोजगारी र निर्यातसँग आवद्ध गरी कर छुटको व्यवस्था गर्ने,
- सात वटै प्रदेशमा उद्योग प्रवर्द्धन केन्द्र स्थापना गर्ने,
- लघु घरेलु उद्योगलाई प्राथमिकता प्राप्त क्षेत्रको रुपमा मान्यता दिई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने,
- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई सहुलियत दिई आत्मनिर्भर उद्योगलाई सरकारले संरक्षण गर्ने नीति लिने,
- उद्योगहरुले आयात गर्ने मेशिन , औजार लगायत कच्चा पदार्थमा भन्सारको कारणले उत्पादित वस्तु छिमेकी मुलुकको तुलानामा प्रतिस्पर्धी हुन नसक्ने देखिएकाले त्यस्ता मेशिनरी औजार र कच्चा पदार्थको आयातमा भंसार छुट दिने व्यवस्था गरिनु पर्ने,

- नेपालमा उत्पादित वस्तुहरु महँगो भए पनि प्रयोग गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गर्ने,
- वर्तमान संकटबाट बढी प्रभावित भएका औधोगिक र व्यवसायिक प्रतिष्ठानहरुमा काम गर्ने श्रमिक लगायतका कर्मचारीहरुको श्रम र पारिश्रमिक वापतको रकमको एक तिहाई सरकार, एक तिहाई प्रतिष्ठान र एक तिहाई श्रमिकहरुले व्यहोर्ने गरी वन्दावन्दिको अवधिको लागि व्यवस्थापन गर्ने,
- रुग्ण तथा समस्याग्रस्त उद्योगहरुलाई पुनरुत्थान अवधिभर सहुलियतपूर्ण ऋण उपलब्ध गराउने र ऋण पुनर्तालिकिकरण गर्ने नीतिगत व्यवस्था गर्ने,
- उद्योगहरुले प्रयोग गर्ने विद्युत महशुलमा विशेष छुट दिने,
- यस क्षेत्रको लागत घटाउन संघ, प्रदेश र स्थानीय तहहरुले समन्वयात्मक रुपमा कर नीति, विद्युत महशुल, कर्जा, व्याज, अनुदान र राहातमा आवश्यक प्रबन्ध गर्ने ।
- उद्योग प्रतिष्ठानहरुले श्रमिकहरुको स्वास्थ्य सुरक्षा सुनिश्चित हुने गरी उद्योग भित्रै क्वारेन्टाइन को व्यवस्था अनिवार्य गरी उद्योग सञ्चा्ुलन गर्नुपर्ने र त्यसो गर्दा समेत श्रमिकहरुले आफ्नो काममा आउन नचाहेमा वैकल्पिक व्यवस्था गर्ने र श्रमिकहरुलाई विदा दिने,
- संकटले अर्थतन्त्रमा पारेको असरको विश्लेषण गर्दै आर्थिक मन्दीको समयमा मुलुक भित्र उत्पादन हुने वस्तु वा सेवाको पहिचान गरी उत्पादन र उत्पादकत्व बढाउने र आयात गर्नै पर्ने वस्तुको मात्र आयात गर्ने नीति लिने र विलासिताका वस्तुहरुमा उच्चभ कर वृद्धि गरी आयात निरुत्साहित गर्ने,
- सार्वजनिक यातायात प्रणालिलाई व्यवस्थित गर्न लामो दुरीको हकमा online ticket booking प्रणाली लागू गर्ने र काठमाण्डौं उपत्यका साथै छोटो दुरीमा सञ्चालन हुने सार्वजनिक यात्रु वाहक सवारी साधनमा स्मार्ट कार्डको माध्यमबाट भाडा भुक्तानी हुने व्यवस्था गर्ने ।

## ५. रोजगारी सिर्जना र श्रम व्यवस्थापन सम्बन्धमाः-

- श्रम बजारमा हरेक वर्ष थप हुने श्रम शक्ति, कोभिड १९ को काणले आन्तरिक तथा वैदेशिक रोजगारबाट बरोजगार भई श्रम बजारमा काम विहिन हुने जनशक्ति यो आ.व.मा करिब ३० लाख भन्दा बढी हुने देखिएकाले उक्त जनशक्ति व्यवस्थापन गर्न

श्रम शक्तिको विश्लेिषण गरी कुन श्रम शक्ति कुन क्षेत्रको लागि उपयुक्त हुने हो सो को एकिन गरी रोजगार र स्वरोजगारको ठोस कार्ययोजना बनाई तत्काल लागू गर्ने,

- उक्त कार्ययोजना निर्माण गर्दा संघ, प्रदेश र स्थानीय तहका कषि, साना ठूला सबै उद्योग व्यवसाय, सहकारी, निर्माण व्यवसाय लगायतका क्षेत्रहरुको संस्थागत प्रतिनिधित्व हुने गरी समन्वयात्मक ढंगले निर्माण गर्ने,
- श्रम व्यवस्थापन र रोजगारी सिर्जना कुनै एक निकायको जिम्मेवारी नठानी सबै निकाय र क्षेत्रको अन्तरसम्बन्धित विषय भएकोले यसलाई एकीकृत ढंगले नै व्यवस्थापन गर्ने,
- विदेशबाट फर्किएका यूवाहरुलाई आफ्नो सीप, क्षमता र अनुभवको आधारमा उद्यमशील हुन प्रोत्साहित गर्ने गरी सुलभ र सहुलियतपूर्ण कर्जा, कर , भन्सार, विद्युत महशुल लगायतका छुट र अन्य सुविधाहरु उपलब्ध गराउने,
- विशेष परिस्थितिमा १०० जना भन्दा वढी रोजगारी दिने नयाँ साथै त्यति नै संख्यामा थप रोजगारी दिने पुराना उद्योग प्रतिष्ठानहरुलाई मापदण्ड बनाई कर छुट, विद्युत महशुल लगायतका सहुलियत प्रदान गर्ने,
- विदेशस्थित कुटनीतिक नियोगहरु मार्फत गैर आवशिय नेपाली लगानिकर्ताहरुसँग समन्वय गरी नेपालमा लगानी भित्र्याउन सक्ने लगानिकर्ताहरुको पहिचान गरी लगानी प्रवर्द्धन गर्ने,
- इजरायल, दक्षिण कोरिया, मध्यपूर्वका मूलुकहरु, मलेसिया लगायत विदेशबाट तालिम लिई फर्किने युवा जनशक्तिहरुलाई उनिहरुको व्यवसायीक दक्षताको आधारमा सम्बन्धित क्षेत्रमा उपयोग गर्न प्रोत्साहित गर्ने,
- नेपालका उद्योग व्यवसाय र निर्माणका कतिपय काममा विदेशी श्रमिकहरु संलग्न भई रहेकोमा त्यस्ता काममा नेपाली कामदारहरुलाई लगाई विदेशी कामदारहरु विस्थापित गर्ने ।

## ६. पूर्वाधार विकास तथा निर्माण सम्बन्धमाः-

- कोभिड १९ को कारणले चालु आ.व. मा कार्य सम्पन्नक गर्नु पर्ने गरी निर्माण व्यवसायीहरुसँग भएका सम्झौता बमोजिम काम हुन नसक्ने देखिएकाले औचित्य र आवश्याकताको आधारमा म्याद थप गर्ने,

- निर्माण व्यवसायी भन्दा बाहिरका सरकारी वा ठेक्का लगाउने पक्ष तथा अदालती वा कानूनी पक्ष जस्ता कारणले समयमा सम्पन्न गर्न नसकिएका कामको पहिचान गरी सम्बन्धित पक्षलाई जिम्मेवार समेत बनाई समयमा सम्पन्नए गर्न प्राथमिकता निर्धारण गरी कार्य योजना बनाई लागू गर्ने,
- निर्माण व्यवसायीको कारणले समयमा ठेक्का सम्झौता बमोजिम काम हुन नसकेकोमा सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार तुल्याउने ।
- विगतमा समेत सार्वजनिक खरिद कानूनका कारण योजना, कार्यक्रम, आयोजना र बजेट कार्यान्वयनमा ढिला सुस्ती भएकोले सदन समक्ष विधेयक पेश गर्न भनिएकोमा हालसम्म पनि नभएकोले यथाशिघ्र विधेयक पेश गर्ने,

## ७. सहकारी सम्बन्धमाः-

- राष्ट्रिय सहकारी महासंघ लि. नेपाललाई आयकर नलाग्ने व्यवस्था गर्ने,
- सहकारी संघ/संस्थाहरुद्धारा सञ्चाधलन गरिने कृषि, पशुपंक्षी पालन, डेरी प्रशोधन उद्योग, डेरी फार्म, पोल्ट्री फार्म लगायत अन्य कृषि उद्योग, उर्जा उत्पादन, स्वास्थ्य, सञ्चाउर, वित्तीय सेवा उपलब्ध गराउने लगायत अन्य व्यवसायको लागि आवश्यक मेशिनेरी, औधोगिक तथा कृषियन्त्र, उपकरण, पार्टपूर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरु आयात गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र भन्सार महशुल छुट दिने,
- कोभिड १९ महामारीको रोकथामका लागि सरकारको लकडाउनमा प्रभावित भएका दुग्ध, चिया, मौरीपालन, कफी, तरकारी तथा फलफूल, पशुपालन, कृषि, लगायतका उत्पादनसँग सम्बन्धित सहकारीहरुको व्यवसायलाई नियमित तथा पुनरूत्थान गर्न विशेष सहुलियतको व्यवस्था गर्ने,
- राष्ट्रिय सहकारी बैंकहरुलाई समासोधन गृह (Clearing House) को सदस्यता प्रदान गरी सहकारीहरुको बीच भुक्तानीको व्यवस्था गरी समय, लागतको बचत, कानूनी अनुपालनमा सुधार, जोखिम न्यूनिकरण गर्दै सहकारी क्षेत्रमा पारदर्शी कारोवारको लागि आधुनिक प्रविधि जस्तै ए.टि.एम, मोबाइल भुक्तानी, इन्टरनेट भुक्तानी जस्ता सेवाहरुको प्रवेश गराउन आवश्यक प्रवन्ध गर्दै जाने,
- सहकारी संघ/संस्थाहरुलाई एकीकरणका लागि प्रोत्साहित गर्न आयकर छुट लगायतका अन्य सुविधाहरु उपलब्ध गराउने,

- सम्भाव्यताका आधारमा जडिबुटी, फलफूलका विरुवा सहितको नर्सरी प्रवर्द्धनमा सहकारी क्षेत्रको भूमिका अभिवृद्धि गर्दै सहकारी मार्फत हरित उद्यमको विकास गर्ने,
- नेपाल सरकार लगायत अन्य निकायहरबाट प्रदान हुने सहुलियतपूर्ण कृषि तथा अन्य ऋण एवम् युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई सहकारी बैंक मार्फत समेत संघ/संस्थामा परिचालन हुने व्यवस्था गर्ने ।

## ८. राहत तथा आर्थिक पुनरुत्थानका सम्बन्धमाः-

- अर्थतन्त्रमा योगदान गर्ने विभिन्ना क्षेत्रहरुमा कोभिड १९ले पारेको नकारात्मक प्रभावको विश्लेषणको आधारमा वढी प्रभावित क्षेत्रलाई कम्तीमा टिकाइराख्नक सरकारको तर्फबाट नीतिगत, मौद्रक र आर्थिक राहत प्रदान गर्ने,
- अर्थतन्त्रमा थप नकारात्मक प्रभाव पर्न नदिन र यसलाई चलायमान बनाउन आर्थिक राहत उपलब्ध गराउन चालु आ.व. को अनुमानित कुल ग्राहस्थ उत्पादनको ५% सम्म राहत प्याकेज घोषणा गर्ने,
- राहत वितरण गर्दा उद्योग र व्यवसायको हकमा सरकार, श्रमिक र व्यवसायले त्रिपक्षीय साझेदारीमा बाँचौ र बचाऔं सिद्धान्तलाई आत्मसाथ गरी संकटको समयमा सबैले केही न केही त्याग गर्ने गरी मापदण्ड बनाई वितरण गर्ने,
- संकटबाट बढी प्रभावित भई रोजगारी गुमेका तर श्रम गर्न सक्ने क्षमता भएका वर्गलाई श्रममा लगाई राहतलाई रोजगारिमा आवद्ध गर्ने,
- श्रममा जोडिन नसक्ने अशक्त, वृद्ध, असहाय, गर्भवती महिला, विरामी व्यक्तिलाई स्थानीय तहहरुले तथ्यांक संकलन गरी मापदण्डका आधारमा नगदमै राहात उपलब्ध गराउने,
- तत्काल सञ्चा लनमा आउन नसक्ने वढी प्रभावित होटल, रेष्टुरेन्ट, पर्यटन व्यवसाय सार्वजनिक यातायातलाई कर्जाको पुनरतालिकीकरण, सहुलियतपूर्ण कर्जा, व्याज मिनाहा तथा भुक्तानीको समय थप, विद्युत, सञ्चार महशुल छुट लगायतका राहत र सहुलियत उपलब्ध गराउने,
- संकटग्रस्त रहेका उद्योग व्यवसाय मध्ये लकडाउन खुकुलो भएपछि सञ्चाछलनमा आउन सक्ने उद्योग व्यवसायलाई चलायमान बनाउन आवश्यक तरलताको लागि सरल र सहुलियतपूर्ण ऋण उपलब्ध गराउने,

- स्वरोजगार वा उद्यमशिलता गुमाई बढी प्रभावित वर्गलाई समेत पुनरजीवन दिन राहत सहितको सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने ।

## ९. योजना, आयोजना र बजेट व्यवस्थापन सम्बन्धमाः-

- सार्वजनिक खर्च पुनरावलोकन आयोग २०७५ का सिफारिसहरुलाई समेत कार्यान्वयन गर्दै अनुत्पादनशील क्षेत्रमा हुने सार्वजनिक खर्चलाई दृढताका साथ कटौती गरी मितव्ययी सिद्धान्त अवलम्बन गर्ने,
- कोभिड १९ बाट प्रभावित अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्या्उने क्षेत्र, उत्पादनशिल क्षेत्र साथै भौगोलिक सन्तुलन , कार्यान्वयन योग्यता र क्षमता , जनशक्ति व्यवस्थापन नागरिक आवश्यकता र वर्तमान संकटको समाधान गर्ने विषय लाई बजेट विनियोजनको प्रमुख आधार मान्ने ।
- आयोजना छनोटको लागि विभिन्नन लाभ लागत विश्लेिषण गर्ने क्षमताको विकास गरि पर्याप्त तयारी सहितका आयोजना वैंकको निर्माण गर्ने र संघ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने योजना कार्यक्रमको स्पष्ट मापदण्ड बनाउने,
- आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने निर्माण सामाग्रिहरुको सुलभ र सहज रुपमा नियमित आपूर्ती हुने व्यवस्था सुनिश्चिनत गर्ने,
- हस्तान्तरित आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्दै स्रोतको सुनिश्चिरतता सहित समयमा सम्पन्नो र भुक्तानी हुने गरी प्रभावकारी व्यवस्थापन गर्ने,
- समयमै कार्यविधि निर्देशिका बनाई श्रावण देखि नै बजेट कार्यान्वयन गर्ने गराउने र हरेक निकायले बजेट कार्यान्वयनको मासिक कार्यतालिका सहित कार्यान्वयन योजना बनाई अनिवार्य रुपमा लागू गर्ने,
- समयमा निकासा हुने र काम सम्पन्न भए पश्चात स्वचालित विद्युतिय भुक्तानी हुने व्यवस्था बजेट कार्यान्वयनको लागि पहिलो सर्तको रुपमा रहेको संगठन संरचना र जनशक्ति व्यवस्थापन समयमै गर्ने,
- ठोस अनुगमन मूल्याङ्कन गरी बजेट कार्यान्वयनलाई दण्ड र पुरस्कारसँग जोडि बजेट कार्यान्वयनलाई प्रभावकारी र नतिजामूलक बनाउन आगामि वर्षको बजेटमा उच्चण प्राथमिकता दिने,

- आगामी आ.व.मा सम्पन्न हुने र उत्पादन सुरु हुने आयोजना कार्यक्रमको लागि पर्याप्त बजेट विनियोजन गर्ने ।

## १०. बजेटको स्वरुप र श्रोत व्यवस्थापन सम्बन्धमाः-

- आगामी आ.व.मा कोभिड १९ ले नेपालको अर्थतन्त्रमा ठूलो क्षति गर्ने मात्र नभई अर्थतन्त्र सिथिल हुने सन्दर्भमा अर्थतन्त्रलाई गतिशिल तुल्याउन साथै कोभिड १९ ले नराम्ररी प्रभावित भएका उद्योग, व्यवसाय, श्रमिक लगायतका क्षेत्रलाई राहात समेत उपलब्ध गराउनु पर्ने अवस्था र विगत देखिका योजना कार्यक्रमहरु निरन्तर रुपमा सञ्चाधलन गर्नुपर्ने भएकाले आगामी बजेटको स्वरुप विस्तारकारी हुनुपर्ने देखिन्छ ।कोभिड १९ शुरु हुनु अगावै श्रोत समितिले करिव १७ खर्वको ceiling निर्धारण गरेको देखिदा सो भन्दा कम आकारको बजेट निर्माण हुन सक्ने देखिदैन । सरकारका नीति र कार्यक्रममा समेत आगामी आ.व.मा गर्नुपर्ने कार्यक्रमहरु विस्तृत रुपमा प्रस्तुत भएकाले देहाय बमोजिम गर्न निर्देश गर्ने,
- आगामी आ.व.को बजेटको आकार चालु आ.व.को अनुमानित कुल ग्राहस्थ उत्पादनको ४५% को हाराहारिमा हुने गरी निर्धारण गर्ने,
- श्रोत व्यवस्थापन तर्फ राजश्व परिचालनमा चालु आ.व को तुलनामा आगामी आ.व. मा कमी आउने देखिएको, करका दर समेत बढाउन नसक्ने अवस्था रहेको, दायरा विस्तारको विकल्प नभएकोले राजश्व परिचालनमा थप योगदान गर्न सक्ने क्षेत्रको खोजी गरी दायरामा ल्याई करिव १० खर्व राजश्व परिचालन गर्ने लक्ष्य लिने,
- वैदेशिक अनुदान (दुई पक्षीय र वहुपक्षीय) गरी करिव १ खर्व परिचालन गर्ने,
- आन्तरिक ऋण (GDP को ६%) सम्म परिचालन गर्ने,
- नपुग रकम वैदेशिक ऋण लिएर परिचालन गर्ने ।

## ११. राजश्वि व्यवस्थापन सम्बन्धमाः

- आयात निर्यातमा हुने चोरी नियन्त्रण गरी राजश्वप चुहावटलाई निरुत्साहित गर्ने,
- करको दायरामा नआएका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउने,
- मू.अ.करमा बहुदर पद्धतिको लागि अध्ययन गरी लागू गर्ने,

- भन्सार नाकाहरुको क्षमता अविवृद्धि गर्न र भन्सार जाँचपासलाई व्यवस्थित गर्न आवश्यकतानुसार एक्सरे मेशीनहरु थप गर्ने र छोटी भन्सारहरुको स्तर वृद्धि गर्ने ।
- घरायसी प्रयोजनको लागि भनि भन्सारको दायरा भन्दा बाहिरबाट अत्यधिक सामान आयात गर्ने प्रवृतिलाई नियन्त्रण गर्ने,
- औद्योगिक कच्चा पदार्थमा लाग्ने उच्च भन्सार दरलाई घटाउने,
- न्यून विजकीकरण गर्ने कारोबारलाई नियन्त्रण गर्ने,
- आय कर ऐन, औद्योगिक व्यवसायी ऐन तथा सहकारी ऐन बिचमा सामान्जस्यता कायम गर्ने,
- राजश्व व्यवस्थापनलाई सूचना प्रविधि मैत्री बनाउने,
- कर दाता र कर प्रशासनको बिचमा भेटघाट कम गर्नको लागि कर दाखिला देखि कर चुक्ता प्रमाणपत्र सम्मका हरेक चरणमा विद्युतिय प्रणाली अवलम्बन गरी स्वचालित रुपमा कर चुक्ता दिने व्यवस्था मिलाउने,
- राजश्व प्रशासनको क्षमता अभिवृद्धि गर्ने लगायतका विषयलाई उच्च प्राथमिकतामा राखी राजश्व व्यवस्थापनलाई प्रभावकारी बनाउन प्राथमिकता दिने,
- आन्तरीक राजष्व कार्यालयमा पेश गर्ने वित्तिय विवरण र बैकमा पेश गर्ने वित्तिय विवरणका सुचानाहरु फरक पर्न गएमा त्यसको जवाफदेहीता सम्वन्धित लेखा परिक्षकले समेत बहन गर्नुपर्ने कानुनी प्रवन्ध गर्ने,
- License लिएर सेवा प्रदान गर्ने पेशाकर्मीबाट पेशागत सेवा प्राप्त गरे बापत भुक्तानी गरेको शुल्कमा आयकर कानून बमोजिम लाग्ने अग्रिम आयकर कट्टि गरेको भौचर दाखिला गर्नै पर्ने व्यवस्था गरी करको दायरामा ल्याउने,
- लेखा परिक्षणमा संलग्न व्यवसायीहरुको लागि एक व्यक्ति एक पेशा हुने गरि व्यवस्था मिलाउने ।
- साना तथा मझौला उद्योग व्यवसायहरुले विभिन्न] कारणले पेश गर्नु पर्ने विवरण र तिर्न वुझाउनु पर्ने बाँकी रहेको कर आगामी पुस मसान्त सम्म दाखिला गरेमा त्यसमा लाग्ने व्याज, शुल्क र जरिवाना मिनाहा गरी उद्योग व्यवसाय बन्द गर्न चाहाने भए सहजै बन्द हुने व्यवस्था गर्ने,
- सरकारी निर्णयका कारणले नविकरण गर्न नसकेका क्रसर उद्योगहरुको नविकरण गरी बाँकी राजश्व असूल उपर गर्ने ।

## १२.राजश्वब बाँडफाँट र वित्त व्यवस्थापन सम्बन्धमाः

- सबै स्थानीय तहहरुको delivery cost सहित खर्च आवश्यकता र राजस्वी क्षमताको आधारमा Fiscal Gap एकीन गर्न तत्काल अध्ययन प्रारम्भ गर्ने,
- राजश्वथ बाँडफाँट र हस्तान्तरण गरिने रकमका शिर्षकहरुमा Duplication नहुने गरी स्रोत व्यवस्थापन गर्न गर्नुपर्ने कानूनी सुधारको अध्ययन गर्ने,
- हाल सम्मको अनुभवको आधारमा राजश्वे बाँडफाँट र वित्त हस्तान्तरणका मापदण्ड र आधार वस्तुनिष्ठ भए नभएको एकीन गर्न अध्ययन प्रारम्भ गर्ने,
- प्राकृतिक स्रोतको संकलन र बाँडफाँटलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाउन के गर्न सकिन्छ, अध्ययन गर्ने,
- तीन तहको आर्थिक कारोवारको एकीकृत प्रतिवेदन प्रणाली अवलम्बन गर्न आवश्यक कानूनी र पूर्वाधार तयारीको कार्य प्रारम्भ गर्ने,
- सरकारी र सार्वजनिक स्वामित्वका जग्गा लगायतका अचल सम्पत्तीको व्यवस्थापन, राजश्वक संकलन, अभिलेखांकन र प्रतिवेदनको एकीकृत व्यवस्था गर्न महालेखा नियन्त्रक कार्यालयले कार्य प्रारम्भ गर्ने,
- सबै प्रदेश र स्थानीय तहमा चालु आ.व. मा विनियोजन भएको बजेट कार्यान्वयन, खर्च हुने रकम र खर्च हुन नसक्ने रकम सहित सञ्चिनत कोषको अवस्था एकीन हुने विवरण महालेखा नियन्त्रक कार्यालयले संकलन गर्ने ।

## १३. अन्य सम्बन्धमाः-

- समितिले पूर्व बजेट छलफल गर्दा विभिन्नन सरोकारवाला पक्षहरुबाट प्राप्तण गरेका सुझावहरु यसै प्रतिवेदनमा समावेश गरिएको छ । प्राप्त सुझावहरुलाई समेत मध्यनजर गरी समितिले आगामी आर्थिक वर्षको बजेटमा प्राथमिकताका आधारमा समावेश गर्नुपर्ने सुझावहरुलाई निष्कर्षको रुपमा प्रस्तुत गरेको छ । सरकारले अन्य सुझावहरुलाई समेत अध्ययन गरी आवश्यक ठानेमा आगामी बजेटमा समावेश गर्न सक्ने छ ।

# अनुसूची

# अनुसूची १ : अर्थ समितिका माननीय सदस्यहरु र कर्मचारीको नामावली

| क्र. सं. | समितिका माननीय सदस्यहरुको नाम, थर |
|---|---|
| १. | मा. श्री कृष्ण प्रसाद दहाल |
| २. | मा. श्री किशोर सिँह राठौर |
| ३. | मा. श्री कु. तुल्सि थापा |
| ४. | मा. श्री गोकर्ण राज विष्ट |
| ५. | मा. श्री चुडामणी खड्का |
| ६. | मा. श्री जय कुमार राई |
| ७. | मा. श्री जुलीकुमारी महतो |
| ८. | मा. श्री निरा देवि जैरु |
| ९. | मा. श्री पदम गिरी |
| १०. | मा. श्री प्रमिला राई |
| ११. | मा. डा. बाबुराम भट्टराई |
| १२. | मा. श्री महन्थ ठाकुर |
| १३. | मा. श्री मेटमणि चौधरी |
| १४. | मा. श्री रामकुमारी झाक्रि |
| १५. | मा. श्री रामवावु कुमार यादव |
| १६. | मा. श्री विजय कुमार गच्छदार |
| १७. | मा. श्री विष्णु प्रसाद पौडेल |
| १८. | मा. श्री शशांक कोइराला |
| १९. | मा. श्री श्याम कुमार श्रेष्ठ |
| २०. | मा. श्री सत्य पहाडी |
| २१. | मा. श्री सरवत आरा खानम |
| २२. | मा. श्री सुरेन्द्र प्रसाद पाण्डे |
| २३. | मा. श्री हरि राज अधिकारी |
| २४. | मा. श्री हेम कुमार राई |
| २५. | मा. श्री ज्ञानेन्द्र बहादुर कार्की |

## पदेन सदस्य

| सि.नं. | नाम, थर |
|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री, श्री के.पी. शर्मा ओली |
| २. | माननीय मन्त्री श्री यूवराज खतिवडा, अर्थ मन्त्रालय |

## अर्थ समिति सचिवालय

१. सुरेन्द्र अर्याल - समिति सचिव

२. सीता काफ्ले वाग्ले - उपसचिव

३. सुलोचना पंज्ञानी - शाखा अधिकृत

४. राजन सापकोटा - ना.सु.

५. श्याम के.सी. - खरिदार

६. अश्मि बुढामगर - कार्यालय सहयोगी

## अर्थ समितिका माननीय सभापतिको निजी सचिवालय

१. हरिशरण तिमल्सीना

२. प्रवेश दहाल

३. कमला तिमल्सिना दहाल

४. उद्वव घिमिरे

५. कुमार सिम्खडा

# अनुसूची २ः अर्थ समितिको पूर्व बजेट छलफलको लागि वैठकमा सहभागिहरुको उपस्थिती विवरण

| अर्थ समितिको मिति २०७७/१/२२ गते अर्थ मन्त्रालयसँगको छलफलमा सहभागीको नामावली | | |
|---|---|---|
| सि.नं. | नाम, थर | पद, कार्यालय |
| १. | मा. श्री यूवराज खतिवडा | मन्त्री, अर्थ मन्त्रालय |
| २. | श्री रामशरण पुडासैनी | सचिव(राजश्व) |
| ३. | श्री यामप्रसाद पौड्याल | स्वकीय अधिकृत |

| अर्थ समितिको मिति २०७७/१/२३ गते नेपाल राष्ट्र बैंकसँगको छलफलमा सहभागीको नामावली | | |
|---|---|---|
| सि.नं. | नाम, थर | पद, कार्यालय |
| १. | श्री महाप्रसाद अधिकारी | गभर्नर |
| २. | श्री उत्तर कुमार खत्री | सहसचिव, अर्थ मन्त्रालय |
| ३. | श्री देव कुमार ढकाल | कार्यकारी निर्देशक, राष्ट्र बैंक |
| ४. | श्री गुणाकर भट्ट | "  "  " |

| अर्थ समितिको मिति २०७७/१/२४ गते राष्ट्रीय प्राकृतिक स्रोत तथा वित्त आयोगसँगको छलफलमा सहभागीको नामावली | | |
|---|---|---|
| सि.नं. | नाम, थर | पद, कार्यालय |
| १. | मा. बालानन्द पौडेल | अध्यक्ष |

| | | |
|---|---|---|
| २. | श्री बेगेन्द्र पौड्याल | सचिव |
| ३. | श्री उत्तर कुमार खत्री | सहसचिव, अर्थ मन्त्रालय |
| ४. | श्री नवराज घिमिरे | उपसचिव |
| ५. | श्री भरत प्रसाद भट्ट | "     " |
| ६. | श्री रत्नमणि गुप्ता | "     " |
| ७. | श्री माधव प्रसाद अधिकारी | "     " |
| ८. | श्री दिनेश भट्टराई | वरिष्ठ अधिकृत |

**अर्थ समितिको मिति २०७७/१/२४ गते महालेखा नियन्त्रक कार्यालयसँगको छलफलमा सहभागीको नामावली**

| सि.नं. | नाम, थर | पद, कार्यालय |
|---|---|---|
| १. | श्री गोपीनाथ मैनाली | महालेखा नियन्त्रक |

**अर्थ समितिको मिति २०७७/१/२५ गते निजी क्षेत्रसँगको छलफलमा सहभागीको नामावली**

| सि.नं. | नाम, थर | पद, कार्यालय |
|---|---|---|
| १. | श्री उत्तर कुमार खत्री | सहसचिव, अर्थ मन्त्रालय |
| २. | श्री शेखर गोल्छा | उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ |
| ३. | श्री राजेन्द्र मल्ल | व. उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्स |
| ४. | श्री रवि सिंह | अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ |
| ५. | श्री यक्षध्वज कार्की | पूर्व अध्यक्ष,  नेपाल निर्माण व्यवसायी महासंघ |
| ६. | श्री निर्वाण चौधरी | उपाध्यक्ष, नेपाल उद्योग परिसंघ |
| ७. | श्री यादव प्र. पौड्याल | महानिर्देशक,  नेपाल उद्योग परिसंघ |

| | | |
|---|---|---|
| ८. | श्री दीपक कुमार मलहोत्रा | उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्स |
| ९. | श्री उमेश प्रसाद सिंह | का.वा. अध्यक्ष, नेपाल घरेलु तथा सा.उ.महासंघ |
| १०. | श्री सत्य नारायण प्रजापती | FNCSI |
| ११. | श्री विरेन्द्र जति | FNCSI, Bhaktapur |
| १२. | श्री निकोलस पाण्डे | FCAN |
| १३. | सुरेश प्रधान | FNCSI |

**अर्थ समितिको मिति २०७७/१/२६ गते राष्ट्रिय योजना आयोगसँगको छलफलमा सहभागीको नामावली**

| सि.नं. | नाम, थर | पद, कार्यालय |
|---|---|---|
| १. | मा. प्रा.डा. पुष्पराज कंडेल | उपाध्यक्ष, रा.यो.आ |
| २. | मा.डा. कृष्ण प्रसाद ओली | सदस्य, रा.यो.आ. |
| ३. | मा श्री उषा झा | " " |
| ४. | मा. डा. दिल बहादुर गुरुङ्ग | " " |
| ५. | मा. श्री सुशील भट्ट | " " |
| ६. | मा. डा. राम कुमार फुयाल | " " |
| ७. | मा. श्री मीन बहादुर शाही | " " |
| ८. | श्री उत्तर कुमार खत्री | सहसचिव, अर्थ मन्त्रालय |
| ९. | श्रि खोमराज कोइराला | सहसचिव, राष्ट्रिय योजना आयोग |
| १०. | श्री गणेश घिमिरे | यो. अ. रा.यो.आ |

**अर्थ समितिको मिति २०७७/१/२७ गते सञ्चालर क्षेत्रसँगको छलफलमा सहभागीको नामावली**

| सि.नं. | नाम, थर | पद, कार्यालय |
|---|---|---|
| १. | श्री सीताराम भट्टराई | अध्यक्ष, नेपाल आर्थिक पत्रकार संघ |
| २. | श्री भीम गौतम | अध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज |
| ३. | श्री विजय पराजुली | निवर्तमान अध्यक्ष, सेजन |
| ४. | श्री सरस्वती ढकाल | उपाध्यक्ष, सेजन |
| ५. | श्री सुजन ओली | महासचिव, सेजन |
| ६. | श्री रोयल आचार्य | सचिव, नाफिज |
| ७. | श्री राजाराम न्यौपाने | नाफिज |
| ८. | श्री फणिण्द्र दाहाल | " " |
| ९. | श्री निकेश खत्री | " " |
| १०. | श्री विजय पराजुली | " " |
| ११. | श्री पुष्पराज आचार्य | |

**अर्थ समितिको मिति २०७७/१/२९ गते सहकारी क्षेत्रसँगको छलफलमा सहभागीको नामावली**

| सि.नं. | नाम, थर | पद, कार्यालय |
|---|---|---|
| १. | श्री मीनराज कंडेल | अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ |
| २. | श्री के.वी उप्रेती | अध्यक्ष, राष्ट्रिय सहकारी बैंक |
| ३. | श्री परितोष पौड्याल | अध्यक्ष, नेफ्स्कून |

| | | |
|---|---|---|
| ४. | श्री खेम ब. पाठक | कृषि सहकारी केन्द्रिय संघ |
| ५. | श्री चित्र कुमारी थामसुहाङ | महाप्रबन्धक, रा.सहकारी महासंघ लि. |
| ६. | श्री विनोद पराजुली | अध्यक्ष, के.तरकारी तथा फलफूल सहकारी संघ |
| ७. | श्री कृष्ण प्रसाद सापकोटा | कोषाध्यक्ष केन्द्रिय दुग्ध सहकारी संघ |

**अर्थ समितिको मिति २०७७/१/३० गते बैंकिङ्ग क्षेत्रसँगको छलफलमा सहभागीको नामावली**

| सि.नं. | नाम, थर | पद, कार्यालय |
|---|---|---|
| १. | श्री भुवन दहाल | अध्यक्ष, नेपाल बैंकर्स संघ |
| २. | श्री अनिल शाह | CEO, Nabil Bank |
| ३. | श्री अनिल शर्मा | कार्यकारी निर्देशक, नेपाल बैंकर्स संघ |

**अर्थ समितिको मिति २०७७/०२/०१ गते विज्ञहरुसँगको छलफलमा सहभागीको नामावली**

| सि.नं. | नाम, थर | पद, कार्यालय |
|---|---|---|
| १. | डा. गोविन्द नेपाल | विज्ञ |
| २. | डा. चन्द्रमणि अधिकारी | विज्ञ |
| ३. | डा. डिल्ली राज खनाल | विज्ञ |
| ४. | प्रा.डा. विश्वम्भर प्याकुर्या०ल | विज्ञ |
| ५. | डा. शंकर प्रसाद शर्मा | विज्ञ |
| | | |

| अर्थ समितिको मिति २०७७/०२/०१ गते ICAN र ACAN सँगको छलफलमा सहभागीको नामावली | | |
|---|---|---|
| सि.नं. | नाम, थर | पद, कार्यालय |
| १. | श्री आनन्द राज शर्मा वाग्ले | अध्यक्ष, ACAN |
| २. | श्री रमेश कुमार धिताल | उपाध्यक्ष, ACAN |
| ३. | श्री शेष मणि दाहाल | ACAN |
| ४. | श्री तेज प्रसाद सुवेदी | ACAN |
| ५. | श्री मधु पोखरेल | ACAN |
| ६. | श्री निल ब. सारू मगर | ACAN |
| ७. | श्री प्रवेश कुमार आचार्य | ACAN |
| ८. | श्री श्री उमेश राज पाण्डेय | ACAN |